आज मिति २०८० असार ३० गते शनिवारको दिन रासी नगरपालिकाको प्रशासनिक हलमा रासी नगरपालिकाको प्रमुख श्री शमशेर लामा ज्यूको अध्यक्षता रासी नगरपालिकाको तेह्रौं नगर सभाको बैठक नीति कार्यक्रम तथा बजेट देहाय बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा प्रस्तुत गरियो ।

क्र सं.	नाम थर	पद	वडा न	हस्ताक्षर
१	शमशेर लामा	अध्यक्ष		
२	देवेन्द्र लामा	उपाध्यक्ष		
३	नीलमकुमार न्यौपाने	सदस्य सचिव		
४	सिद्धीलाल स्याङतान	नगरसभा सदस्य	१	
५	श्याम सुन्दर उप्रेती	नगरसभा सदस्य	२	
६	शिव कान्त ओली	नगरसभा सदस्य	३	
७	केदार प्रसाद आचार्य	नगरसभा सदस्य	४	
८	सीताराम तमाङ्ग	नगरसभा सदस्य	५	
९	जल्लु महतो थारु	नगरसभा सदस्य	६	
१०	सुमिता डल्लाकोटी	नगरसभा सदस्य	७	
११	पुर्ण प्रसाद आचार्य	नगरसभा सदस्य	८	
१२	खड्ग बहादुर तमाङ	नगरसभा सदस्य	९	
१३	तेज बहादुर तमाङ्ग	नगरसभा सदस्य	१०	
१४	बुद्धि बहादुर तामाङ	नगरसभा सदस्य	११	
१५	अर्जुन प्रजा	नगरसभा सदस्य	१२	
१६	अशोक कुमार प्रजा	नगरसभा सदस्य	१३	
१७	रमिता परियार	नगरसभा सदस्य	४	
१८	मित्र कुमारी तितुङ (तमाङ)	नगरसभा सदस्य	११	
१९	गोमा देवी धरेल	नगरसभा सदस्य	५	
२०	कविता राई	नगरसभा सदस्य	३	
२१	मीना कुमारी अधिकारी	नगरसभा सदस्य	९	
२२	रेल बहादुर प्रजा	नगरसभा सदस्य	१२	
२३	भक्त बहादुर सुनार	नगरसभा सदस्य	८	

Scanned with CamScanner

क्र सं.	नाम थर	पद	वडा न	हस्ताक्षर
२४	आइति देवी दराई	नगरसभा सदस्य	९	
२५	प्रेस तमाङ	नगरसभा सदस्य	१	
२६	अन्जु सुनार	नगरसभा सदस्य	१	
२७	राजु राई	नगरसभा सदस्य	१	
२८	मोचन लाल तमाङ	नगरसभा सदस्य	१	
२९	मन माया डिमडुङ	नगरसभा सदस्य	२	
३०	शान्ती विश्वकर्मा	नगरसभा सदस्य	२	
३१	कमल प्रसाद रुवाली	नगरसभा सदस्य	२	
३२	एक वहादुर ल्वागुन	नगरसभा सदस्य	२	
३३	सरिना राई	नगरसभा सदस्य	३	
३४	सागर राई	नगरसभा सदस्य	३	
३५	मान वहादुर प्रजा	नगरसभा सदस्य	३	
३६	शान्ति माया खुलाल	नगरसभा सदस्य	४	
३७	रमेश श्रेठ	नगरसभा सदस्य	४	
३८	झमक वहादुर श्रेठ	नगरसभा सदस्य	४	
३९	लक्ष्मी विश्वकर्मा	नगरसभा सदस्य	५	
४०	मदन गोपाल लटौला	नगरसभा सदस्य	५	
४१	चुडामणी वर्तौला	नगरसभा सदस्य	५	
४२	ममिता कुँवर	नगरसभा सदस्य	६	
४३	गुनु वि.क.	नगरसभा सदस्य	६	
४४	राज कुमार तमाङ	नगरसभा सदस्य	६	
४५	सहदेव सेढाई	नगरसभा सदस्य	६	
४६	मञ्जु कुमारी थापा मगर	नगरसभा सदस्य	७	
४७	माया वि.क.	नगरसभा सदस्य	७	
४८	ओम वहादुर पुन	नगरसभा सदस्य	७	
४९	सलमान लामा	नगरसभा सदस्य	७	
५०	अम्वीका थपलिया	नगरसभा सदस्य	८	
५१	कमला कुमारी विश्वकर्मा	नगरसभा सदस्य	८	
५२	दिपक अधिकारी	नगरसभा सदस्य	८	

Scanned with CamScanner

क्र सं.	नाम थर	पद	वडा न	हस्ताक्षर
५३	सुब्बा लामा	नगरसभा सदस्य	८	
५४	रञ्जना सुनार	नगरसभा सदस्य	९	
५५	राम कुमार सुवेदी	नगरसभा सदस्य	९	
५६	लोसन तमाङ	नगरसभा सदस्य	९	
५७	शोभा चेपाङ	नगरसभा सदस्य	१०	
५८	कमला कुमारी सुनार	नगरसभा सदस्य	१०	
५९	मान कुमार चेपाङ	नगरसभा सदस्य	१०	
६०	पूर्ण वहादुर प्रजा	नगरसभा सदस्य	१०	
६१	सुन्तली विश्वकर्मा	नगरसभा सदस्य	११	
६२	मरिच मान तमाङ	नगरसभा सदस्य	११	
६३	हिरा लाल तमाङ्ग	नगरसभा सदस्य	११	
६४	इन्द्र माया स्याङतान	नगरसभा सदस्य	१२	
६५	सूर्य माया कामी	नगरसभा सदस्य	१२	
६६	अशोक कुमार जिम्वा	नगरसभा सदस्य	१२	
६७	जित वहादुर प्रजा	नगरसभा सदस्य	१२	—
६८	पान माया प्रजा	नगरसभा सदस्य	१३	
६९	हिमा कुमारी वि क	नगरसभा सदस्य	१३	
७०	विष्णु वहादुर प्रजा	नगरसभा सदस्य	१३	
७१	आइत वहादुर प्रजा	नगरसभा सदस्य	१३	

Scanned with CamScanner

पशुचिकित्सा अधिकृत आर्ली श्री शैलेन्द्र भण्डारी
अधिकृत सार्ली श्री दिपक चिङ
अधिकृत सार्ली श्री सारदा देवी शर्मा
अधिकृत सार्ली श्री मुक्ति पौडेल
अधिकृत सार्ली श्री युवराज सुवेदी
जन-स्वास्थ्य अधिकृत श्री सुरेश न्यौपाने
इञ्जिनियर श्री सन्दिप ओझा
इञ्जिनियर श्री सुरज भट्टराई
शिक्षा अधिकृत श्री रविना देउजा
अधिकृत हर्ता श्री राजेन्द्र मैनाली
कविराज निरिक्षक श्री टुकनाथ पौडेल
सब.ई. रूपक सुवेदी
रोजगार संयोजक दिपेन्द्र चौधरी
ग.स्वा.नि. कुमार सापकोटा
राम शरण थपलिया अ. सब इन्जिनियर
ह.स.चा. ठाकुर जामा तमाङ
" दिपक वाल्पा चिङ Deepak
" विश्वास कुवर Biswash
का.स. गोमा दाहाल गोमा
" अम्बिका सेढाई अम्बिका
" दिल माया वज दिलमाया
" सुनिता कुंडेल
" दिनेश गिरी
वडा सचिव विष्णु अधिकारी
वडा नं ४ " गिता कुमारी कटवाल
क.अ. सुप्रिया न्यौपाने
सर्वेक्षक पृथ्वी श्रेष्ठ
का.स. खेम बहादुर कुवर
क.अ. सरु अधिकारी Sa-u
वडा नं. 6 रुपिला रेग्मी
प्रेम कुमारी कुवर
स.म.वि.नि. हेमा अधिकारी
वडा नं. ८ का.स. सिला कडेल सुता
न्यायिक सहजकर्ता श्री विकास मुक्तान
सामाजिक परिचालक राप्ती-१२ शर्मिला मोक्तान तमाङ शर्मिला

सि.अ.दे.वे. अधिकृत, स्वास्थ्य शाखा श्री रामपणि सिलवाल —

वडा नं. ६ वडा सचिव श्री तिर्थराज खराल

वडा नं. ७ वडा सचिव श्री विजेपाल डाँगी

वडा नं. २ वडा सचिव श्री सुभाष कुँवर

वडा नं. ०३ वडा सचिव श्री नविन कु. प्रजापती

सुचना प्रविधि शाखा श्री सुरज चौधरी

~~[illegible] दिपक वाल्पाथि~~

वडा नं ०३ वडा सचिव श्री दुरदर्शी थापा

योजना शाखा रचना चेपाङ

क.अ. रमेश चौधरी

सा.प. मन्जिला कडेल

उद्यम विकास सहजकर्ता पवित्रा पुरी

राप्ती न.पा. स्वा.शा. तुलसी अधिकारी सि.अ.नमी तिरिवाक

शिक्षा अधिकृत श्री रविना देउजा

प्रा.स.श्री लक्ष्मी लामिछाने

कृषि अधिकृत श्री रक्षा उप्रेती

कृषि प्राविधिक श्री ऐक राज रेग्मी

अप्रेटर मोहन कुवर

ट्याक्टर चालक राजु नेपाली दमाई

सरसफाई अनिल कुमार डुङ अनिल

महिला विकास निरिक्षक टिका रेग्मी

कम्प्युटर अपरेटर ममता पौडेल

इन्जिनियर अर्जुन पौडेल

सब इन्जिनियर चेतनाथ बायबियाग

अ.सब " — विराज गुरुङ

नगर प्रमुख निजी सचिव — राम बं. रुचाङलान

नगर उप-प्रमुख को निजी सचिव — नवराज गुरुङ

का.स. सुरेन्द्र प्रताप तमाङ

अ.सब-इन्जिनियर मिलन अधिकारी क्षेत्री

होम राज भरती

गुरुज बहादुर पुलामी

नगेन्द्र थापा

[illegible]

उ.वि.स. समज थापा

खगेन्द्र प्रसाद पाठक

राप्ती नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भण्डारा, चितवन ।

राप्ती नगरपालिका चितवनको आ.व. २०८०।८१ को नीति तथा कार्यक्रम

आदरणीय नगरसभा सदस्यज्यूहरू,
हार्दिक अभिवादन, नमस्कार ।
यस सम्मानित सभा नगरसभामा राप्ती नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को नीति तथा कार्यक्रम प्रस्तुत गर्न चाहन्छु । राप्ती नगरपालिकाको समग्र सामाजिक आर्थिक विकासको खाका कोर्दैगर्दाको यस महत्वपूर्ण घडीमा म सर्वप्रथम देशमा प्रजातन्त्र, लोकतन्त्र र गणतन्त्र ल्याउन आफ्नो जीवन उत्सर्ग गर्ने सम्पूर्ण ज्ञातअज्ञात सहिदहरूप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछु । राष्ट्रियता, सामाजिक न्याय, समावेशितामति प्रतिबद्ध रही न्यायपूर्ण समाजको नेतृत्व गर्नुहुने अग्रजहरूप्रति उच्च सम्मान व्यक्त गर्दछु । मलाई आफ्नो अमूल्य मत दिएर यस नगरपालिकाको प्रमुखमा विजय दिलाउनुहुने राप्ती नगरपालिकाका १३ वटै वडाहरूका मतदाताहरूप्रति आभार व्यक्त गर्दछु । नगरपालिकाका पूर्व नगरप्रमुख तथा उपप्रमुखज्यूहरू, १३ वटै वडाका पूर्व वडाध्यक्षज्यूहरू, सदस्यज्यूहरू लगायत चितवन जिल्ला समन्वय समिति, बागमती प्रदेश सरकार र संघीय सरकारप्रति हालसम्म राप्ती नगरपालिकाले प्राप्त गरेको साथ र सहयोगप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । सँगसँगै सम्पूर्ण दातृनिकायहरू, अन्तर्राष्ट्रिय तथा राष्ट्रिय गैरसरकारी संस्थाहरू लगायत समस्त नागरिकसमाजप्रति सम्मान व्यक्त गर्दछु ।
आदरणीय नगरसभा सदस्यज्यूहरू,
यहाँहरूसमक्ष आगामी पाँचवर्षका लागि नवनिर्वाचित नगरप्रमुखको हैसियतले उभिँदा निकै गौरवान्वित महसुस गरेको छु र मेरो बुद्धि र बर्कतले भ्याएसम्म तन, मन र धनले यो नगरपालिकाको समग्र विकास गर्ने र सम्पूर्ण नगरवासीलाई सुखी र खुसी बनाउने काममा मेरो सम्पूर्ण समय अर्पण गर्ने प्रतिबद्धता जाहेर गर्दछु । सुशासन र जनउत्तरदायी स्थानीय सरकार, विभिन्न खाले शोषण र भ्रष्टाचारको अन्त्य, मानवअधिकारको संरक्षण, प्रेस स्वतन्त्रता, सामाजिक विभेद र विकृतिहरूको अन्त्य, राष्ट्र र राष्ट्रियता र राप्ती नगरपालिकाको आमूल सकारात्मक परिवर्तनकालागि सधैं अडिग रहनेछु । यसका लागि यहाँहरू सबैको निरन्तर साथ सहयोग पाइरहने कुरामा पनि म पूर्ण विश्वस्त छु ।
आदरणीय नगरसभा सदस्यज्यूहरू,
हामी राप्ती नगरपालिका नयाँ नेपालको प्राशासनिक संरचनाअनुसार समथर क्षेत्रका पिप्ले, भण्डारा र वीरेन्द्रनगर गरी ३ वटा गाविसहरू र पहाडका कोराक र लोथर गरी २ वटा गाविसहरू मिलेर संरचित विशिष्ट स्थानीय तह हो । त्यसैले भौगोलिक र सामाजिक सांस्कृतिक दृष्टिकोणबाट हेर्दा हामीसँग एउटा समथर भूभाग छ र अर्को पहाडी भूभाग छ । समथर भूभाग तुलनात्मकरूपमा सुगम, विकसित र सुविधासम्पन्न छ भने पहाडी भूभाग विकट, अविकसित र हातमुख जोड्ने समस्याबाट नै ग्रस्त छ । त्यसैले अलिक जान्ने बुझ्नेहरू र सक्नेहरू समथरतिर बसाई सरिरहेका छन् । जम्मा भूभागको करिब १७ प्रतिशत भूभागमात्र समथर छ र ८३ प्रतिशत भूभाग पहाड छ । यो १३ प्रतिशत भूभागमा राप्तीको कूल जनसंख्याको करिब ८० प्रतिशत जनसंख्या बसोबास गर्दछन् र बाँकी २० प्रतिशतमात्र पहाडमा बस्दछन् । जब कि साधनको कुरा गर्ने हो भने समथरमा भन्दा पहाडमा १० गुणा बढी साधनस्रोतहरू छन् । किनभने मूल साधन भनेको जल, जमिन र जङ्गल हुन् र ती पहाडमै धेरै छन् । साधन स्रोतहरूको पहिचान गर्न र तिनीहरूको सदुपयोग गर्न हामीले सकिरहेका छैनौं । हामी आफ्नै नाभीमा भएको कस्तुरी थाहा नपाएर कतापट्ट धस्ना आयो भनेर भौंतारिँदै हिँडिरहेका छौं । यो हाम्रो लागि विडम्बना हो ।
आदरणीय नगरसभा सदस्यज्यूहरू,
हामी चेतनशील सामाजिक प्राणी हौं । समाजको विकास भयो भने मात्र हाम्रो विकास हुन्छ । सिङ्गो राप्ती एउटा समाज हो । यो समाजमा हामी संघुलित हुनसक्नुपर्छ । समथर र पहाडको विभेद हटाउनुपर्छ । धनी र गरिबको विभेद हटाउनुपर्छ र ठूलो र सानोको पनि विभेद हटाउनुपर्छ । काम जस्तोसुकै होस् तर काम गरेर खानुपर्छ भन्ने हाम्रो मानसिकता हुनुपर्छ । किनभने काम गर्नु भनेको जनशक्तिको सदुपयोग हुनु हो । हामीसँग भएका अन्य भौतिक साधनस्रोतहरू जतिसुकै भएपनि हाम्रो श्रम तिनीहरूमा परेन भने तिनीहरू त्यत्तिकै रहि रहन्छन् वा विनास भएर जान्छन् र हामी आफ्नै अकर्मण्यताले गर्दा अपार सुखबाट वञ्चित

Scanned with CamScanner

रहिरहनेछौं । त्यसैले हाम्रो संविधानमा उल्लेख भए अनुसार समाजवाद उन्मुख राष्ट्रको परिकल्पना अनुरूप यो रासीको समग्र विकास गर्ने उद्देश्यले हामीसँग भएका सबै भौतिक तथा अभौतिक साधनस्रोतहरूको समुचित सदुपयोग गर्दै र प्रयास रोजगारीको सिर्जना गर्दै सम्पन्न रासी र सुखी रासीवासीको भविष्य कोर्न यो नीति तथा कार्यक्रम बनाएर यहाँहरू समक्ष पेश गरेको छु ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

अब म हाल उपलब्ध भए सम्मका रासी नगरपालिका केही तथ्य तथा तथ्याङ्कहरू प्रस्तुत गर्न चाहन्छु । यस नगरपालिकाको कूल क्षेत्रफल २१२.३१ वर्ग किलोमिटर रहेकोछ । समुद्र सतहबाट यहाँको समथर भाग २०८.१७८ मिटरबाट शुरू भएर उच्च पहाडी भाग १,९०६.८३ मिटरसम्मको उचाइमा छ । राष्ट्रिय तथ्याङ्क बिभागले गरेको जनगणना २०७८ को अन्तिम परिणाम अनुसार यहाँको परिवार संख्या १५२१५, कूल जनसंख्या ६६६१७ पुरुषको संख्या ३२६७७ र महिलाको संख्या ३३९४०। औसत जनघनत्व ३१४ प्रति बर्ग किलोमिटर र साक्षरता दर ७७. जनघनत्व ३१४ प्रति वर्ग किलोमिटर र साक्षरता दर ७७.३% रहेको छ । ब्राम्हणक्षेत्रीको बाहूल्य रहेपनि तामाङ, चेपाङ, दलित, थारू, मगर, नेवार, दराई, गुरूङ आदि जातिको पनि यहाँ बाक्ला बस्तीहरू रहेकाछन् । अन्य पिछडिएका जनजाति सहित सीमान्तकृत जाति चेपाङ र आदिवासी थारू जाति यहाँका विशेष चासोका जाति हुन् । जनसंख्याको २५ प्रतिशत बालबालिका, ९ प्रतिशत वृद्ध र ६६ प्रतिशत कामगर्ने उमेरका छन् । यहाँ काम गर्ने उमेरको जनसंख्या ४२,५६३ जसमध्ये अधिकांश बेरोजगारी वा अदृश्य बेरोजगारीमा फसेकाछन् । यिनीहरूको उत्पादकत्व ज्यादै कम छ । ७० प्रतिशत जनसंख्या हिन्दु धर्मावलम्बी छन्

संस्थाहरूतर्फ २ वटा सामुदायिक क्याम्पस, ४९ वटा सामुदायिक विद्यालय, १० वटा संस्थागत विद्यालय, १ वटा अस्पताल, ५ वटा स्वास्थ्यचौकी, १३ वटा आधारभूत स्वास्थ्यकेन्द्र, १ वटा सामुदायिक स्वास्थ्य एकाइ, ६ वटा दुग्ध उत्पादक सहकारी संस्था, ४ वटा साना किसान कृषि सहकारी संस्था, २४ वटा बचत तथा ऋण सहकारी संस्था, २५ वटा सामुदायिक वन उपभोक्ता समूह, २ वटा मध्यवर्ती सामुदायिक वन समिति सञ्चालित छन् । सडक निर्माणतर्फ हालसम्म कालोपत्रे सडक २९.८५ किलोमिटर, उच्चस्तरीय ग्राभेलतर्फ २७१.८८ किलोमिटर, नयाँ ट्रयाक खोल्ने तर्फ २२५.६३ किलोमिटर, मोटरेबल पुलरकल्भर्ट समेत ३४ वटा निर्माण भएको छ । त्यस्तै पार्क १३ वटा, खानेपानी योजना ५३ वटा, ढल तथा नाला २१.३४ कि मी, नदी नियन्त्रण ८.८६ किलोमिटर, सिँचाइ ३.८४ किलोमिटर, विद्यालय भौतिक तथा शैक्षिक पूर्वाधार ६८ वटा, यात्रु प्रतिक्षालय ११ वटा, सामुदायिक भवन निर्माण एवम् स्तरोन्नति १३६ वटा, मठमन्दिर, चर्च, गुम्बा लगायतका ५५ अटा संरचना निर्माण तथा मर्मत भएका छन् । नगरपालिका भवन तथा सबै वडा कार्यालयहरू बनेकाछन् ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

माथि उल्लेख गरिएका तथ्यहरू, समसामयिक परिवेश, भोलिको आवश्यकता, हाम्रो स्थिति आदिलाई मध्यनजर गर्दै रासी र रासीवासीको आमूल सकारात्मक रूपान्तरणकालागि अब म आगामी वर्षकालागि रासी नगरपालिकाको नीति तथा कार्यक्रमहरू प्रस्तुत गर्न चाहन्छु ।

१. कृषि र किसान

रासी नगरपालिका स्वाभाविक रूपमै एउटा कृषिप्रधान पालिका हो । कृषिको विकास नगरी न त यहाँका साधनस्रोतहरूको सदुपयोग हुन्छ न त यहाँका नागरिकहरूको आर्थिक उत्थान हुन्छ । तसर्थ कृषिक्षेत्रको चौतर्फी विकासकालागि कृषियोग्य जमिनहरू र यहाँका किसानहरूको अध्ययन, पहिचान, स्तरीकरण र वर्गीकरण गरी आधुनिक, वैज्ञानिक तथा दीर्घकालीन कृषिप्रणालीको विकास गरिनेछ । कुषिपेशा वा व्यवसायलाई इज्जतको पेशा र मनग्गे आम्दानी हुने पेशाको रूपमा विकास गरिनेछ । कृषिजन्य वस्तुहरूको स्थानीय माग पूरा गरी बाहिर निकासीसमेत गरी आय आर्जनको प्रमुख माध्यमको रूपमा कृषिको विकास गरिनेछ । आवश्यक मेशिन, औजार, प्रविधि र कृषि प्राविधिकहरूको व्यवस्था नगरपालिकाले गर्नेछ । कृषिक्षेत्रको विकासकालागि, विमासुविधा, भण्डारण सुविधा, कृषिसामग्रीको सरल र नियमित उपलब्धता, कृषिबजार, सिँचाइ आदिको व्यवस्था गरिनेछ । यसका लागि निम्न क्षेत्रहरूमा यसप्रकार कार्यक्रमहरू ल्याइनेछ ।

क) अन्नबाली - धान, गहूँ, मकै, कोदो, फापर आदि प्रचलित अन्बालीहरू तथा यसक्षेत्रमा परम्परागत रूपमा लगाइने गरेका र हाल लोपोन्मुख भएका जौ, कागुनो, जुनेलो, सामा, आँगा धान, अनदी धान, गहत आदि अन्नबालीहरूको उत्पादन क्षेत्र निर्धारण गरी किसानहरूको जमिनलाई चक्लाबन्दी गरी अन्नबाली फार्मको रूपमा विकास गरेर आधुनिक मेसिनऔजार तथा प्रविधिको प्रयोग गरेर न्युनतम लागतमा अधिकतम उत्पादन हुने कार्यक्रम ल्याइनेछ । औद्योगिक कच्चापदार्थको रूपमा प्रयोग हुने

Scanned with CamScanner

बालीहरू जस्तै दाना उद्योगकालागि मकै र गहुँ, तेल उद्योगकालागि तोरी र सूर्यमुखी आदिको नियमित उत्पादनकालागि विशेष क्षेत्र निर्धारण गरी सघन कार्यक्रम ल्याइनेछ । यो कार्यक्रम यही वर्षदेखि क्रमशः शुरू गरिनेछ । यो कार्यक्रम लागू नभएको ठाउँमा किसानहरूलाई नगरपालिकाले यसअघि दिइआएको सुविधाहरू यथावत दिइनेछ ।

ख) पशुपालन - पशुपालनको विकासका लागि संस्थागत, व्यक्तिगत तथा सामूहिक कृषिफार्महरूको विकास गरिनेछ । परम्परागत रूपमा हरेक परिवारले १,२ वटा वा थोरैथोरै पशु पाल्दा पालिकाभरिमा धेरै जनशक्तिको दुरूपयोग भएको, उत्पादन लागत बढेको र पशुपालनको समग्र विकास हुन नसकेकोले एकीकृत पशुपालनप्रणालीको विकास गरिनेछ । विशेषगरी समथरक्षेत्रमा गाई र भैंसीपालन तथा पहाडीक्षेत्रमा गाई, भैंसी, बाख्रा आदि फारमहरूको विकास गरिनेछ । यो कार्यक्रमको पनि यही वर्षदेखि शुरूआत गरिनेछ । यो कार्यक्रम लागू नभएको ठाउँमा पशुपालक किसानहरूलाई नगरपालिकाले यसअघि दिइआएको सुविधाहरू यथावत दिइनेछ । उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि नश्ल सुधार, गोठ तथा भकारो सुधार र पूर्वाधार एवं संरचना सुधारका कार्यलाई उच्च प्राथमिकता प्रदान गरि कार्यक्रम तर्जुमा गरिने छ । गाईभैंसीमा देखा परेको लम्पी स्किन रोगको निदान, नियन्त्रण, न्यूनीकरण एवं व्यवस्थापन गरिने छ ।

ग) अर्गानिक तरकारीखेती - समथर तथा पहाडी दुबै क्षेत्रहरूमा धरातल, माटो, हावापानी सुहाउँदो मौसमी तथा बेमौसमी तरकारी फार्महरूको विकास गरिनेछ । विषादिको प्रयोग हटाउँदै लगी अर्गानिक तरकारीखेती बढाउँदै लगिनेछ । प्राङ्गारिक मलको उत्पादन तथा प्रयोगलाई प्राथमिकता दिइनेछ । बजारक्षेत्रमा कौसी तरकारीखेतीको विकास गरिनेछ । यसको नमुना कार्यक्रम पनि यसै वर्षदेखि शुरू गरिनेछ । यो कार्यक्रम लागू नभएको ठाउँमा पनि तरकारी उत्पादक किसानहरूलाई नगरपालिकाले यसअघि दिइआएको सुविधाहरू यथावत दिइनेछ । अर्गानीक मल उत्पादन र उपयोगमा प्रोत्साहन गर्ने नीति अवलम्बन गरिने छ ।

घ). फलफूलखेती - पालिकाका समथर तथा पहाडीक्षेत्रहरूमा परम्परागत र आयातित फलफूलहरूको आधुनिक र व्यवस्थित फलफूल फार्महरूको विकास गरिनेछ । त्यसकालागि नर्सरीहरू तथा प्राविधिक सहयोग नगरपालिकाले गर्नेछ । विशेषगरी अन्य कार्यमा प्रयोग नभई बाँझो रहेका जमिनहरू यसकालागि छनौट गरिनेछ । यसको शुरूवात पनि उपयुक्त स्थानमा यसैवर्षबाट गरिनेछ । माटो परिक्षण गरि उपयुक्तताका आधारमा आकर्षक फलफूल जस्तै स्ट्रबेरी, एभोकाडो, किवी, ड्रागन लगायतका फलफुलको व्यवसायिक खेतिका लागि प्रोत्साहित गर्दै लगिने नीति अवलम्बन गरिने छ ।

ङ) पुष्पखेती - पालिकाका खाली जमिनहरूमा पुष्पवाटिका फार्महरूको विकास गरिनेछ । यसकालागि पूर्वाधार निर्माण गर्ने, बजार खोज्ने र प्रविधि तथा प्राविधिकको व्यवस्था गर्ने कार्य नगरपालिकाले गर्नेछ । स्थानीय बजारको माग पूरा गरी निकासीसम्त गर्नेगरी पुष्पखेतीको विकास गरिनेछ । राष्ट्रिय रुपमा समेत फुलको उपलब्धता सुनिश्चित गराउने दिशामा पुष्पखेतीलाई प्रोत्साहित गर्न आर्थिक प्राविधिक एवं जनशक्तिगत सहायताको कार्यक्रम सञ्चालन गरिने छ ।

च) पोल्ट्रीफार्म - किसानहरूको अनुभव, चाहना र बजारमागअनुरूप कुखुरापालनसहित हाँस, बट्टाई, लौकाट, अस्ट्रिच, कालिज, उड्ने कुखुरा आदिको व्यवस्थित फार्महरूको विकास गरिनेछ । नगरपालिकाले यसमा प्रारम्भिक सहयोग गर्नेछ ।

झ) जडीबुटीखेती - पालिकाका पहाडीक्षेत्रमा जडीबुटीखेतीलाई विशेष जोड दिइनेछ । स्थानीय तथा अनुबन्धित जडीबुटी विज्ञ तथा विशेषज्ञहरूको सहयोगमा जडीबुटीको पहिचान गर्ने, जडीबुटी फार्महरूको विकास गरेर तिनीहरूको संरक्षण र उत्पादन गर्ने, तिनीहरूको प्रशोधन गरेर बिक्रीवितरणको व्यवस्था नगरपालिकाले मिलाउनेछ । प्रचुर सम्भावनाका बावजुत पनि हाम्रो उच्च उत्पादनमुखी क्षेत्र यसै खेर गईरहेकाले सम्भावनाका आधारमा उत्पादन, प्रशोधन, भण्डारण एवं बिक्रि वितरणको प्रबन्ध गर्दै लगिने छ ।

ञ) अन्य कृषिकार्य - पालिकाका विभिन्न स्थानहरूको धरातल, हावापानी, आवश्यकता र क्षमताअनुरूप माछापालन, च्याउखेती, केराखेती, आकर्षक फलफूल खेती, रेशमखेती आदि कृषिकार्यहरूको विकास गरिनेछ । अन्य पेशा गर्नेहरूलाई पनि कुनै न कुनै कृषिपेशा गर्ने रहर जगाइनेछ । कृषकहरूलाई नियमितरूपमा पुरस्कृत र सम्मानित गरिनेछ । कृषिबालीको उत्पादन वृद्धि गर्न माटो परिक्षण केन्द्रको स्थापन गरिनेछ । माटोको गुणस्तर कायम गरिराख्न जैविक मल, अर्गानिक मल र चुन उपयोग सम्बन्धमा सहजीकरण गरिने छ । आधारभुत कृषी तथा पशुसेवा केन्द्र स्थापना साविक गा.वि.स. १ वटा अनिवार्य व्यवस्था गरिनेछ ।

Scanned with CamScanner

२. व्यवस्थित बसोबास -

अनियमित, अव्यवस्थित तथा अनधिकृत बसोबासले सिर्जना गरेका र पछि सिर्जना हुनसक्ने समस्याहरू समाधानका लागि निम्नानुसार कामहरू गरिनेछ

क. यो वर्ष जग्गा नापिको प्रकृयालाई द्रुततर गतिमा अघी बढाई सम्पूर्ण नगर क्षेत्रको नापि नक्सा किताव तयार गरिने छ । नापी सम्पन्न भएको क्षेत्रको जग्गाधनी प्रमाणपुर्जा वितरणको कार्यलाई उच्च प्राथमिकता दिईने छ ।

ख. वडा नं ५ को भण्डारा बजार नजिक रहेको तात्कालिन नहर विभागको जग्गाको सरोकारवाला बासिन्दाहरूको समेत सहभागीतामा प्रदेश तथा केन्द्रसँग समन्वय गरेर दीर्घकालीन व्यवस्थापन गरिनेछ ।यस कार्यको लागि नगर कार्यपालिकाले निर्णय गरी लगत संकलन गरी सिचाइ विभागलाई जानकारी गराई सकेको छ र उक्त स्थानमा जनताको चाहना बमोजिम कार्य यसै वर्ष गरिनेछ ।

ग. पूर्वपश्चिम राजमार्गको पुरानो बाटोमा बसोबास गर्ने सुकुम्बासीहरूको नगरपालिकाले विकास गर्ने एकीकृत बस्तीहरूमा बसोबासको व्यवस्था गरिनेछ । साथै त्यसरी स्थानान्तरण गरिएका परिवारलाई रोजगारीको व्यवस्था गरिनेछ । उनीहरूले हाल बसोबास गरिरहेको बाटोको स्तरोन्नति गरी सञ्चालन गरिनेछ ।

घ. नेपाल सरकारको र प्रदेश सरकारको नीतिअनुरूप सबै वडाहरूमा नम्बरी जग्गाबाहेक पर्ती, ऐलानी वा वनसीमाभित्र रहेका बस्तीहरूको उचित प्रमाणीकरण र व्यवस्थापन गरी त्यहाँका बासिन्दाहरूलाई पनि करको दायराभित्र पारेर नगरकोष बढाइनेछ ।

ङ. अव्यवस्थित बस्ती विस्तार आप्रवासनको नियन्त्रण गरिनेछ । त्यस्तो गर्नेलाई नगरपालिकाबाट दिइने सुविधाहरूबाट वञ्चित गराइनेछ । बस्तीक्षेत्र, कृषिक्षेत्र, औद्योगिकक्षेत्र, बजारक्षेत्र आदि निश्चित गरिनेछ ।

च. टोल विकास संस्थाहरूको वैज्ञानिकीकरण गरिनेछ । टोल निर्माण गर्दा सकेसम्म एउटै बाटो, ढल, बिजुली लाइन आदि प्रयोग गर्ने, सधैं देखभेट भइरहने र साझा समस्या हुने घरपरिवारहरूको समूहलाई एउटा टोलमा आवद्ध गराइनेछ । प्रत्येक टोलसुधार संस्थालाई विशेष नम्बर दिइनेछ र त्यहाँका घरहरूलाई पनि तिनीहरूको प्रकृतिअनुरूपको नम्बर दिई पहिचान स्पष्ट गराइनेछ ।

छ. प्रत्येक आर्थिक वर्षमा रासी नगरपालिका भित्र रहेका अति विपन्न परिवारलाई कम्तीमा १०० वटा घर निर्माण गरि आवासको व्यवस्था गरिनेछ ।

३. तथ्याङ्क र सूचनाको : रासी नगरपालिकाको भौगोलिक, सामाजिक तथा आर्थिक अवस्थाको यथार्थ तथ्याङ्क संकलन गरिनेछ जसको आधारमा नगरपालिकाको सम्पूर्ण तथ्यहरू र सूचकहरू प्राप्त होऊन् र अल्पकालीन तथा दीर्घकालीन योजनाहरू वैज्ञानिक ढङ्गले निर्माण गर्न सकियोस् । यसकालागि नगरपालिकामा तथ्याङ्क तथा सूचना शाखाको स्थापना गरिनेछ र त्यस शाखाबाट सबै सूचनाको सम्प्रेषण हुने र सूचना हुने र सुचना प्राप्त गर्न सकिनेछ ।

४. फोहोरमैला व्यवस्थापन : फोहोरमैला व्यवस्थापनकालागि निम्नानुसार कार्य गरिनेछ ।

क। नगरभित्र प्लास्टिकजन्य वस्तुहरूको प्रयोगमा क्रमशः नियन्त्रण गर्दैलगिनेछ । यसकालागि स्थानीय साधनस्रोतबाट निर्मित तथा कागज कपडा आदि प्राङ्गारिक वस्तुहरूबाट बनेका झोला, सम्वेष्टक, आदिको प्रयोगमा जोड दिइनेछ । त्यस्ता वस्तुहरू उत्पादन गर्ने घरेलु तथा साना उद्योगहरू स्थापना गर्न सहयोग तथा प्रेरित गरिनेछ ।

ख। फोहोर उत्पादन हुने घर, कार्यालय, पसल, उद्योग आदिमा नै प्राङ्गारिक र अप्राङ्गारिक फोहोरहरू फरकफरक किसिमले व्यवस्थापन गर्ने प्रणालीको विकास गरिनेछ । प्राङ्गारिक फोहोरलाई घरघरमै प्राङ्गारिकमल बनाएर कौसीबारी तथा करेसाबारीमा प्रयोग गर्न सहयोग तथा उत्प्रेरित गरिनेछ ।

ग। उत्पादित फोहोरको अधिकतम पुनर्प्रयोग गर्न र रिसाइकल गर्न प्रेरित गरिनेछ ।

घ। अन्य नगरपालिकाहरुसँग समन्वय गरेर फोहोरमैला प्रशोधन वा धुलीकरण गरी अवशेषको व्यवस्थापन गर्ने आधुनिक तथा वैज्ञानिक तरिकाको खोजी तथा प्रयोग गरिनेछ र त्यो बेलासम्मकालागि डम्पिङक्षेत्रको प्रयोग गरी पछि त्यसलाई पार्क वा अन्य उपयुक्त प्रयोजनकोलागि प्रयोग गरिनेछ ।

ङ। जलस्रोत, माटो, वायु आदिमा हुने प्रदुषणको सख्त नियन्त्रण गरिनेछ ।

Scanned with CamScanner

च) नगरपालिकामा फोहोरमैला व्यवस्थापन शाखा स्थापन गरी फोहरमैला व्यवस्थापन गर्ने कार्यलाई सरल र नियमित बनाइनेछ ।

छ) घुम्ती समयको तालिम बनाई हरेक घर घरमा टेक्टर र कर्मचारी पठाई फोहोर संकलन गरिनेछ । हरेक चोकहरू सफा र हरावरा बनाइनेछ र यो श्रावण महिनाबाट शुरु गरिनेछ ।

५. प्राकृतिक साधनस्रोतहरूको सदुपयोग : पालिकाभित्र रहेका प्राकृतिक साधनहरू युगौंयुगसम्म यहाँको जीवनका आधार हुन् र यिनीहरूमा हाम्रोमात्र अधिकार नरही हामीपछिका पिँढीहरूको पनि उत्तिकै अधिकार हुन्छभन्ने मान्यताको आधारमा प्राकृतिक साधनहरूको सदुपयोग तथा व्यवस्थापन गरिनेछ ।खेतीयोग्य जमिन : समथर र पहाडीक्षेत्रका सबै खेतीयोग्य जमिनको पूर्णरूपमा र वैज्ञानिककिसिमले सदुयोग गरिनेछ । पहिले खेती गरिएको र अहिले बाँझो रहेको जमिनहरूको तत्काल लगत तयार गरी तिनीहरूमा के कस्तो कृषि कार्यगर्ने भन्नेकुराको विस्तृत अध्ययन र योजना निर्माण गरिनेछ ।

६.डिजिटल नगरपालिका ः नगरपालिका, वडा कार्यालयहरू तथा यहाँका संघसंस्थाहरूका कामकार्यहरूलाई क्रमशः डिजिटल गरी सेवा लिन र दिन सजिलो बनाइनेछ । हरेक सेवाहरू सकेसम्म छिटो उपलब्ध गराइनेछ । नगरपालिका र वडाका सबै योजनाहरू र कार्यहरू पारदर्शी बनाइनेछ । हरेक नीति तथा कार्यक्रम निर्माणमा अधिकतम जनसहभागिता जुटाइनेछ र प्रत्येक तीनतीन महिनामा आवधिक कार्यविवरण सार्वजनिक गरिनेछ । घरनक्सा पासलाई अनलाइन प्रणाली मार्फत गरिनेछ

७. आत्मनिर्भर नगरपालिका : रासीलाई विविध उपभोग्य वस्तुहरू जस्तै खाद्यान्न, तरकारी, तोरीको तेल, फूल, खानेपानी, अण्डा, माछामासु, दाना, दूध आदि आत्मनिर्भर भइसकेका वस्तुहरूको पहिचान र मापन गरेर तथा अन्य सम्भवभएसम्मका वस्तुहरूमा आत्मनिर्भता बढाएर क्रमशः आत्मनिर्भर नगरपालिका बनाइनेछ । यसकालागि स्थानीय कृषि, घरेलु उद्योग, साना तथा मझौला उद्योगहरू, सेवा व्यवसायहरूको विकासलाइ प्रश्रय दिइनेछ ।

८. पर्यटन : रासी नगरपालिका पर्यटन उद्योगको पनि प्रशस्त सम्भावना भएको पालिका हो । यहाँको पर्यटन विकासकालागि निम्नानुसार कार्यहरू गरिनेछ

क) पर्यटन प्राविधिकहरूको सहयोग लिएर यहाँको पर्यटन केन्द्रहरूको पहिचान, अध्ययन, विकास र प्रचारप्रसार गरी पर्यटन विकासको अल्पकालिन तथा दीर्घकालीन योजनाहरू निर्माण गरिनेछ ।

ख) कुचकुचे वन तथा त्यससँग आसन्न क्षेत्रहरूमा होटलहरू स्थापना र सञ्चालन गर्ने, जङ्गल सफारी गराउने, रासीमा डुङ्गासफारी गराउने, संस्कृति तथा सांस्कृतिक कार्यक्रमहरू प्रदर्शन गराउने आदि पर्यटनप्रबद्धनसम्बन्धी कार्यहरू सम्बन्धित क्षेत्रको जनसहभागितामा तत्काल शुरू गरिनेछ र त्यस क्षेत्रलाई सौराहालगायत नेपालका अन्य पर्यटनकेन्द्रहरूको सञ्जालसँग जोडिनेछ ।

ग) पानीसराढापबाट समीटार, किरनटार, ठकुरीभन्ज्याङ, कुईभीर, कान्दा, कमीनचुली, स्याम्राङ, कान्द्राङगढी, पर्खाल, चात्राङ, कुचुर, परेवाकोट हुँदै लोथरबजारसम्मको ट्रेकिङ ट्रयाक खोलिनेछ र त्यसका पदयात्रीहरूकालागि ठाउँठाउँमा आवश्यक सुविधाहरू उपलब्ध गराउन पर्यटन व्यवशायीहरूलाई आकर्षित गर्नेगरी पूर्वाधार तथा वातावरण तयार गरिनेछ ।

घ) बनिसकेका पर्यटन केन्द्रहरूको स्तरोन्नति गरी तिनीहरूमा पर्यटक बढाउने कार्यक्रमहरू ल्याइनेछ ।

ङ) पर्यटन केन्द्र नजिक रहेका सबै बस्तीहरूमा होमस्टे सञ्चालन गराइनेछ ।

च) पालिकाभित्रका नागरिकहरू, पेशाव्यवसायीहरू तथा शिक्षककर्मचारीहरूलाई वर्षको एकपटक आन्तरिक पर्यटन गर्दा सहुलियत तथा सुविधा उपलब्ध गराइनेछ ।

छ) रासी नगरपालिका क्षेत्रमा रहेको विभिन्न पार्कहरुको संरक्षण र संम्वर्द्धन सम्बन्धित वडाको संरक्षकत्व रहने र त्यसको व्यवस्थापन गर्ने नीति लिएको छु ।

०९. सहकारी विकास : सहकारीता समाजवादको आधार हो । त्यसैले सहकारीको मोडेललाई पालिकाको उत्पादन, उपभोग, विनिमय र वितरण प्रणालीमा अधिकतम उपयोग गरिनेछ । आवश्यकताअनुरूप नयाँ सहकारीहरू विकास गरिनेछ र अनावश्यक तथा निष्क्रिय सहकारीहरूलाई मर्ज गरिनेछ । सहकारीमा राजनैतिक हस्तक्षेप पूर्णत बन्द गरिनेछ । सहकारीको विकास तथा स्थायीत्वकालागि विशेष कार्यक्रम ल्याइनेछ । सहकारीको नियमित अनुगमन र मूल्याङ्कन गरिनेछ ।

Scanned with CamScanner

१०. शुद्ध खानेपानी : रासीका सबै घरहरूमा शुद्ध खानेपानी वितरण गरिनेछ । हाल सञ्चालित र अब बन्ने खानेपानी योजनाहरूको मीतव्ययिता हुनेगरी पानी वितरण क्षेत्र निर्धारण गरिनेछ । शुद्ध खानेपानी नपुगेका बस्तीहरूको तुरून्त पहिचान गरी ती बस्तीहरूमा खानेपानी पुऱ्याइनेछ । न्युनतम एकाई खानेपानी उपभोग गर्ने विपन्न परिवारको महसुल नगरपालिकाले तिर्नेछ ।

११. टेलिफोन र इन्टरनेट : नेपाल टेलिकम तथा इन्टरनेट सेवाप्रदायकहरूसँग समन्वय गरेर सबै वस्तीहरूमा टेलिफोन र इन्टरनेटको सुविधा पुऱ्याइनेछ । विपन्न घरपविारलाई टेलिफोन र इन्टरनेटको महसुलको केही अंश नगरपालिकाले तिरिदिनेछ । सबै विद्यालय, कलेज, स्वास्थ्यकेन्द्र, सहकारीलगायतका संघसंस्थाहरूमा टेलिफोन र इन्टरनेटको व्यवस्था गरिनेछ । पालिकाभित्रका इन्टरनेट सेवाप्रदायक संस्थाहरूलाई सेवा विस्तार गर्ने क्षेत्र तोकिनेछ र तिनीहरूको अनुगमन गरिनेछ । यो वर्षबाट कान्दामा समेत इन्टरनेट समेत पुगेको कुरा जानकारी गराउदछु ।

१२. स्वास्थ्यसेवा तथा अस्पताल : सबै किसिमका स्वास्थ्यसेवा उपलब्ध हुनेगरी सुविधासम्पन्न अस्पतालहरू बनाइनेछ । यो वर्ष भण्डारामा निर्माणधिन अस्पतालको निर्माण पूरा गरी सकेसम्म छिटो सञ्चलनमा ल्याइनेछ । हाल सञ्चालित भण्डारा अस्पतालको स्तरोन्नति गरिनेछ । विशेपज्ञहरूद्वारा अनलाइन स्वास्थ्यपरीक्षण तथा स्वास्थ्य परामर्शलाई प्रभावकारी रूपमा प्रयोग गरिनेछ । पालिकाका सबै बस्तीहरूमा एम्बुलेन्स सुविधा पुऱ्याइनेछ । विपन्न वर्गको स्वास्थ्य वीमा नगरपालिकाले वडा मार्पत गर्ने व्यवस्था मिलाइनेछ । स्वास्थ्यवीमालाई प्रभावकारी बनाएर सबै रासीवासीले हरेक रोगको सरल उपचार पाउने व्यवस्था गरिनेछ । घुम्ती स्थास्थ्य टोलीहरूलाई पनि परिचालन गराइनेछ । रासी नगरपालिकामा हाल सञ्चालित एम्बुलेन्सहरूको अवस्था र कार्यप्रक्रियाको अनुगमन गरिनेछ । नपुग एम्बुलेन्स थप गरिनेछ । रासी नगरपालिकाको वडा नं. १०,११,१२ र १३ र अति विपन्न परिवारलाई निशुल्क एम्बुलेन्स सेवा दिइदै आएकोमा हाल सबैको लागि एक एम्बुलेन्स थप गरी निशुल्क एम्बुलेन्स सेवाको व्यवस्था मिलाइने छ । विभिन्न प्रकारका खोपहरू नियमित उपलब्ध गराइनेछ र नगरपालिकालाई पूर्णखोप दिगोपना लागि निरन्तरता दिइनेछ । रासी नगरपालिका अन्तर्गत रहेका बर्थिङ सेन्टरहरुमा प्रत्येक ४-४ महिनामा निशुल्क भिडियो एक्सरे सेवा प्रदान गरिनेछ ।एक वडा एक ल्यावको स्थापना गर्ने नीति लिइएको छु ।भण्डारा अस्पतालमा दन्त रोग उपचारको लागि सेवा विस्तार गरिनेछ । डेङ्गी लगायत किटजन्य रोग नियन्त्रण एंव महामारी व्यवस्थापनको लागि आवश्यक व्यवस्था मिलाइएको छु ।रासी नगरपालिकाको दुर्गम भेग कान्दामा आधारभुत स्वास्थ्य स्वास्थ्य सेवा केन्द्र मार्फत निशुल्क स्वास्थ्य सेवा दिन सेवा विस्तार गरेको छु भने साविक गा.वि.स. हरुमा ल्याव केन्द्र स्थापना गरिएको छ ।

१३.विद्यालय शिक्षा :

क. रासी नगरपालिका क्षेत्र भित्रका विद्यालयमा माध्यामिक तहको शिक्षालाई निशुल्क पठनपाठनको व्यस्था मिलाइएको छ । विद्यालय जाने उमेरका सबै बालबालिका तथा किशोर किशोरीहरूलाई विद्यालयमा नियमित हुने व्यवस्था गरिनेछ । सामुदायिक विद्यालयहरूका गतिविधिहरूको भौतिक तथा गुणात्मक स्तरोन्नति गरिनेछ र ती विद्यालयहरूका शैक्षणिक तथा अतिरिक्त क्रियाकलापहरूको अनुगमन तथा नियमन कडाइका साथ गरिनेछ । विद्यालयलाई राजनीतिक गतिविधिबाट मुक्त गरिनेछ । बालशिक्षाको वैज्ञानिकीकरण गरिनेछ । संस्थागत विद्यालयहरूको उपलब्धि तथा समाजप्रतिको योगदानको आधारमा मूल्याङ्कन र पुरस्कृत गरिनेछ । मर्ज गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन तथा सदुपयोग गरिनेछ । त्यसकालागि एउटा छुट्टै समिति बनाएर तत्काल काममा लगाइनेछ ।

ख. विद्यार्थीहरूमा स्थानीय कला,भाषा,संस्कृति परम्परा,पर्यटन,पेशा व्यवसाय,स्रोत साधनको संरक्षण,सम्वर्द्धन र उपयोग सम्बन्धमा स्थानीय पाठ्यक्रम मार्फत कार्यान्वयन गर्ने निति अवलम्बन गरिनेछ ।

ग. विपन्न असहाय,जेहन्दार,दलित तथा सिमान्तकृत समयदायका विद्यार्थीहरूलाई छात्रबृत्ति,छात्रवास र अन्य यथोचित प्रोत्साहन सहयोग मार्फत सुविधा उपलब्ध गराउने निति अवलम्बन गरिनेछ ।

घ. शैक्षिक गुणस्तर सुधारका लागि भौतिक पुर्वाधारमा सुधार,आधुनिक शिक्षण प्रविधिको प्रयोग,शिक्षक विद्यार्थीको नियमितता,व्यवस्थित मुल्याङ्कन प्रणाली, तालिम ,अनुगमन तथा पृष्ठपोषणमा प्राथमिकता दिने निति अवलम्बन गरिनेछ ।

Scanned with CamScanner

ङ. शिक्षक दरबन्दि न्युन भएका विद्यालयहरूमा न.पा.बाट थप अनुदान कोटा सहयोगी कार्यकर्ता,तथा शिक्षक) उपलब्ध गराउने, दरबन्दि मिलान गर्ने, विद्यार्थी संख्या अत्यन्त न्युन भएका विद्यालयलाई समायोजन (गाभ्ने) गर्ने जस्ता कार्यलाई निरन्तरता दिने र थप पारदर्शि र व्यवस्थित गर्ने निति लिईनेछ ।

च. न.पा. को आन्तरिक स्रोत र साधनलाई समेत मध्यनजर गरि कक्षा १२ सम्म पुर्ण निःशुल्क (भर्ना, परीक्षा, सरसफाई,अतिरिक्त कक्षा वा अन्य कुनै पनि बहानामा कुनै शुल्क लिन नपाईने गरि) गर्ने सम्बन्धमा सिफारीस गर्न एक कार्यदल गठन गर्ने र कार्यदलको सिफारिसको आधारमा क्रमशः कार्यान्वयन गर्दै जाने निति अवलम्बन गरिनेछ । अति विपन्न विद्यार्थीको उच्च शिक्षाको लागि छात्रवृत्तिको व्यवस्था मिलाइनेछ ।

छ. उत्कृष्ठ व्यवस्थापनका साथ उत्कृष्ठ नतिजा ल्याउन सफल विद्यालय,शिक्षक, विद्यार्थीलाई उचित प्रोत्साहन गर्ने र नमुना वालविकास केन्द्र तथा नमुना विद्यालय विकास गर्दै जाने निति अवलम्बन गरिनेछ ।

ज. शिक्षामा पँहुचमा अभिबृद्धि गर्ने, लैङ्गिक समानता र समावेशिता कायम गर्ने र फरक क्षमता भएका विद्यार्थीहरूलाई विशेष सिकाई पद्धति अवलम्बन गर्ने निति लिईनेछ।

१४. युवा तथा खेलकुद : युवाहरूको शारिरीरिक, मानसिक तथा सामाजिक विकासकालागि पालिकाभित्र देशमा हाल प्रचलित सबै किसिमका खेलहरू खेल्न तथा प्रतियोगीताहरू सञ्चालन गर्न मिल्ने कम्तिमा एकएकवटा खेलमैदान वा कोर्ट वा खेलभवनहरू निर्माण गरिनेछ र त्यस्ता खेलहरूका कोचहरू एवम् आवश्यक खेलसामग्रीहरूको व्यवस्था गरिनेछ । खेलक्लबहरूको विकास गरिनेछ र आन्तरिक तथा बाह्य प्रतिस्पर्धाहरू सञ्चालन गरिनेछ । कम्तीमा कुनै ३ वटा खेलहरूमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरको खेलाडी तयार गर्ने विशेष कार्यक्रम ल्याइनेछ । खेलकुदको क्षेत्रमा फड्को मार्नको लागि नगर एक स्पोर्ट एकेडेमी संचालन गरी सबै खेलको नियमित अभ्यास गराइनेछ । कुलतमा फसेका युवाहरूलाई खेलमा जोडी स्वस्थ्य र तन्दुरूस्त बनाइनेछ ।

१५. महिला विकास : महिलाहरू छुट्टै जात र वर्ग होइनन् बरू समाजिक तथा आर्थिक विकासको आधाशक्ति हुन् भन्ने मान्यतामा हरेक नीति तथा कार्यक्रमहरू बनाइनेछ । त्यसैले राजनैतिक, सामाजिक, सांस्कृतिक तथा आर्थिक गतिविधिहरूमा महिला र पुरूषलाई सँगै अघि बढाइनेछ । पुरूषबराबर पहुँच नभएका क्षेत्रहरूमा साझेदारी गर्न सक्नेगरी महिलाको सशक्तिकरण गरिनेछ । महिलाहरूमात्रले योजना बनाउने, कार्यान्वयन गर्ने, अनुगमन गर्ने र सञ्चालन गर्ने संस्थाहरू खोलेर उनीहरूलाई आत्मनिर्भर एवम् सक्षम बनाउने कार्यको थालनी गरिनेछ ।

१६. असक्त र अपाङ्गहरूको विकास तथा संरक्षण : पालिकाभित्रका असक्त र अपाङ्गहरूको हेरचाह गर्ने तथा अनुकुल र सम्मानजनक रोजगारी दिने काममा नगरपालिकाले विशेष कार्यक्रम बनाएर लागू गर्नेछ । उनीहरूलाई आवश्यक पर्ने सेवासुविधाहरू नियमित गरिनेछ ।

१७. विपद् व्यवस्थापन तथा उद्धार : सबै प्रकारका प्राकृतिक तथा अन्य विपद्हरूविरूद्ध पूर्वतयारी गरिनेछ र त्यस्तो विपद् आइहाल्योभने नगरपालिका एवम् सम्पूर्ण नागरिक समाजबाट उद्धार तथा सरसहयोगको व्यवस्था गरिनेछ । यसकालागि सुरक्षा निकायहरूसंग समन्वय र सहकार्य गरिनेछ । नगरमा र वडाहरूमा विपद् व्यवस्थापन तथा उद्धार समितिहरू निर्माण गरी तिनीहरूको सक्रियता बढाइनेछ । रेडक्रस, स्काउट,सुरक्षा निकाय, क्लबहरू आदिलाईसमेत समावेश गरी भरपर्दो विपद् व्यवस्थापन तथा उद्धार गरिनेछ ।

१८. रासीको छुट्टै स्थानीय पहिचान, आफ्नै चिन्ह आफ्नै गान : जिल्ला, प्रदेश, देश र विदेशमा पनि रासी नगरपालिकाको पहिचान बढाउने योजनाहरू बनाई कार्यान्वयन गरिनेछ । यसैवर्ष रासीको छुट्टै स्थानीयगान तयार पारिनेछ र हरेक स्थानीय कार्यक्रमहरूमा त्यसलाई राष्ट्रगानपछि गाइनेछ । त्यस्तै रासीमा पाइने र यहाँको जनजीवनमा प्रत्यक्ष असर पार्ने विभिन्न बस्तुहरू, वनस्पतिहरू र प्राणीहरूको पहिचान गरी विशिष्ट स्थानीय महत्वका वस्तुहरू निर्धारण गरिनेछ ।

१९. राष्ट्रिय निकुञ्जको सीमा संरक्षण : जनावरहरू निकुञ्जबाट बस्ती पसेर जनधनको क्षेति गर्न नदिन निकुञ्जको सीमानामा लगाइएको सुरक्षा पर्खाल पूरा गरी त्यसमाथि तारजाली लगाएर बलियो बनाइनेछ र मध्यवर्ती सामुदायिक बन र निकुञ्जसँग समन्वय गरी किसानको हितमा हुने गरी नियम संशोधन गर्न प्रयत्न गरिनेछ र मध्यवर्ती सामुदायिक भित्र जिप सफारीको लागि मोटर बाटो निर्माण गरिनेछ ।

Scanned with CamScanner

२०. दलित उत्थान : यस नगरपालिकामा दलितहरूको संख्या उल्लेख्य रहेकोछ । तसर्थ दलितहरूको उत्थान गर्ने कार्य प्राथमिकतामा पर्नुपर्छ । यसकालागि दलित उत्थान समितिको अगुवाइमा योजना तथा कार्यक्रम बनाएर लागू गरिनेछ र रासी नगरमा दलित समन्वय समितिको कार्यालय स्थापना गरिनेछ ।

२१. आदिवासी थारू कल्याण : समथर क्षेत्रमा ठूलो संख्यामा रहेको थारू जातिको आर्थिक सामाजिक विकास र उनीहरूको भाषा, संस्कृति र कलाको संरक्षण गर्नकालागि विशेष कार्यक्रम ल्याइनेछ । अवलोकन गर्न आउने पाउनाहरुको लागि होम स्टे २०७९/८० मा संचालनमा ल्याएको छ भने त्यहाँ रहेको गैडाभाष्माडी तालालाई संरक्षण तथा विस्तार गरिदै लगिनेछ ।

२२.सीमान्तकृत जाति चेपाङको उत्थान : पालिकाको पहाडीक्षेत्रमा युगौंदेखि बसोबास गरेर पनि विपन्न, अशिक्षित र अचेतन अवस्थामा जीवन निर्वाह गरिरहेका चेपाङ जातिको द्रततर आर्थिक सामाजिक विकास गर्न प्रदेश र संघीय सरकारसँग समन्वय गरेर थप कार्यक्रमहरू ल्याइनेछ । विशेषगरी जनता आवास कार्यक्रम मार्फत चेपाङ समुदायलाई सम्बोधन गरिनेछ ।

२३. माथि उल्लेखित कार्यहरूबाहेक पनि यस अघिको स्थानीय सरकारले अघि बढाएका तर सम्पन्न नभएका महत्वपूर्ण कार्यक्रम तथा आयोजनहरू पूरा गरिनेछ । गौरवशाली कार्यक्रमहरूलाई निरन्तरता दिइनेछ ।

२४. राजश्व : करको दायरा वृद्धि गरिनेछ भने करको दरमा केही परिवर्तन गरिनेछ र नियमति कर तिर्ने करदाताहरूको समयको बचन हुने हेतुले अनलाइन मार्फत कर तिर्ने व्यवस्था गरिनेछ र उत्कृष्ट करदातालाई सम्मान गरिनेछ ।साथै आ.व. ०८०/८१ सुत्र सफ्टवेयरको राजश्व मोडयूबाट कर संकलनको व्यवस्था मिलाई मित्तव्ययिता अपनाइनेछ ।

आदरणीय नगरसभा सदस्यज्यूहरू,

यहाँहरू समक्ष मैले आगामी वर्षका नीति तथा कार्यक्रमहरू सकेसम्म वस्तुगत हुनेगरी संक्षेपमा प्रस्तुत गरें । रासी नगरपालिका सबै रासीवासीहरूको साझा घर हो । तसर्थ यसको समग्र विकास गर्ने जिम्मेवारी पनि हामी सबैको हो । अहिले म यहाँहरूजस्तै एउटा प्रतिनिधि पात्र मात्र हुँ । यहाँहरू पनि मजस्तै प्रतिनिधि हुनुहुन्छ । समस्त रासीवासीको आशा र भरोसा यसघडीमा हामीमाथि टिकेकोछ । लेखेर र बोलेर मात्र केही हुँदैन । गरेर देखाउनुपर्छ । र एक्लैले केही गर्न सक्दैन । सबै मिलेमा अवस्य सक्नेछौं । अन्तमा यस नीति तथा कार्यक्रम निर्माणको क्रममा प्रत्यक्ष तथा परोक्षरूपमा सहयोग पुर्याउनु हुने जनप्रतिनिधिहरू, नगरपालिकाका कर्मचारीहरू, विज्ञहरूलगायत सबैमा हार्दिक आभार व्यक्त गर्दछु । जय रासी ! धन्यवाद ।

शमशेर लामा

नगरप्रमुख

Scanned with CamScanner

रासी नगरपालिका चितवनको आर्थिक बर्ष २०८०।८१ को बजेट बक्तव्य

नगरसभाका श्रद्धेय अध्यक्ष ज्यू,
नगरसभाका सम्पूर्ण सदस्य ज्यूहरु,
राष्ट्रसेवक कर्मचारी, सञ्चारकर्मी तथा उपस्थित अन्य महानुभावहरु ।

संघीय शासन व्यवस्था अवलम्बन गरेसँगै स्थानीय तहको दोस्रो निर्वाचन सफल रुपमा सम्पन्न भई रासी नगरपालिकाको जनप्रतिनिधिको रुपमा निर्वाचित भएको पनि पहिलो बसन्त पार गरि दोस्रो बसन्त भइसकेको छ । सर्वप्रथम हामीलाई निर्वाचित गर्ने आम नगरवासी मतदाताहरुमा हार्दिक आभार तथा धन्यवाद व्यक्त गर्दछु । आम नगरवासीको अभिमतलाई कदर गर्दै न्यायपूर्ण र समृद्ध नगर निर्माणको अभियानमा लागिरहेको र लागिरहने प्रतिबद्धता व्यक्त गर्दछु ।रासी नगरपालिका नगरसभाको तेह्रौं अधिवेशनमा आगामी आर्थिक वर्ष २०८०।८१ को बजेट वक्तव्य पेश गर्न गइरहेको छु । यस अवसरमा मुलुकको सार्वभौमिकता, अखण्डता, राष्ट्रिय एकता र स्वाभीमानको रक्षा गर्दै लोकतान्त्रिक गणतन्त्र स्थापना एवं स्थानीय स्वायत्त सरकार गठनका लागि ईतिहासको विभिन्न कालखण्डमा जीवन उत्सर्ग गर्ने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु तथा निरंकुशताका विरुद्ध जीवन पर्यन्त संघर्ष गर्नुहुने दिवंगत दिग्गजहरुप्रति भावपूर्ण श्रद्धाञ्जली प्रकट गर्दछु ।

आगामी आर्थिक वर्षको बजेट तर्जुमा गर्दा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन २०७४, पन्ध्रौं आवधिक योजना, दिगो बिकास लक्ष्य, रासी नगरपालिकाको नगर बिकास गुरुयोजना, प्रथम आवधिक योजना, महालेखा परिक्षकको सुझाव एवं अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्देशन तथा सुझाव समेतलाई आधार मानि नेपाल सरकार, बागमती प्रदेश सरकार र नागरिक सामु जारी गरेका प्रतिवद्धता र जनआकांक्षा संबोधनलाई आत्मसाथ गर्दै तर्जुमा गरिएको छ । सीमित श्रोत साधनबाट अधिकतम र मितव्ययी परिचालन गरी न्यायपूर्ण वितरण गर्न आमनागरिक, राजनीतिक दल, निजी क्षेत्र, शिक्षा कृषि क्षेत्रका विज्ञ पत्रकार पिछडिएका एवं सिमान्तकृत वर्गसहित सबै सरोकारवालाको प्राप्त सुझावहरुलाई समेत आधार लिएको छु । नगर प्रमुखज्यूबाट प्रस्तुत भएका नीति तथा कार्यक्रमलाई आधार बनाई सहभागितामुलक ढङ्गबाट बजेट तथा कार्यक्रम तर्जुमा गर्ने अधिकतम प्रयास गरिएको छ । यस बजेट तथा कार्यक्रमको कार्यान्वयनबाट नगरपालिकाले परिलक्षित गरेका उद्देश्यहरु हासिल गर्नुका साथै राष्ट्रिय विकासका लक्ष्य हासिल गर्न समेत टेवा पुग्ने विश्वास लिएको छु । सर्वप्रथम बजेट तथा कार्यक्रमका उद्देश्य र प्राथमिकताहरुलाई प्रस्तुत गर्न चाहन्छु ।

सम्मानित नगरसभाका अध्यक्ष महोदय,

Scanned with CamScanner

अब म चालु आब २०७९।८० को संसोधित आय व्यय विवरण तथा कार्यक्रमहरु संक्षेपमा प्रस्तुत गर्न चाहन्छु ।चालु आर्थिक बर्षमा बिनियोजन भएको कुल बजेटको हालसम्मको यथार्थ आय १,०१,६६,११,१६३ रहेको र खर्च ९०,४५,२६,६४४.३१ रहेको छ । उल्लेखित खर्च कुल बजेटको ७९.४५% हुन आउँछ । जसमध्ये चालु खर्च ८३.८७% र पूँजीगत तर्फ ७२.१४% भएको हो ।

श्रद्धेय अध्यक्ष महोदय,

अब म आर्थिक बर्ष २०८०।८१ को बजेटका उद्देश्य तथा प्राथमिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु।

- परम्परागत निर्वाहमुखी खेती प्रणालीलाई प्रविधिमा आधारित प्रणालीमा विकास गरी व्यवसायिक कृषि तथा पशुपालनमा रुपान्तरण गर्ने ।
- भूमीमाथिको स्वामीत्वको ग्यारेन्टी गर्दै सुकुम्बासी र अव्यस्थित सुकुम्वासीलाई जग्गा नापी गरि निस्सा बमोजिमको जग्गाधनी प्रमाण पुर्जाको प्रबन्ध गर्नु ।
- सामाजीक आर्थिक र भौतिक पूर्वाधार बिकास मार्फत समुन्नत एवं समृद्ध नगर निर्माण गर्दै जाने
- स्थानीय सीप र उत्पादनको प्रवर्द्धन, साना तथा घरेलु उद्योगको प्रवर्द्धनमार्फत आर्थिक समुन्नती हासिल गर्ने
- नगरको सेवा प्रवाहलाई छिटो छरितो पारदर्शी एवं भ्रष्टाचारमुक्त बनाई वास्तविक रुपमा जनतालाई सुशासनको अनुभुती दिलाउने ।
- रोजगारी तथा स्वरोजगार प्रवर्द्धन मार्फत आयआर्जन वृद्धि गर्न उद्यमशील रोजगार सिर्जना सीप विकास गर्ने
- गुणस्तरीय र व्यवहार उपयोगी शिक्षामा समतामुलक पहुँच विस्तारका लागि माध्यमिक तहसम्म पूर्णतया निशुल्क शिक्षाको प्रबन्ध गर्दै प्रारम्भिक बालविकास केन्द्रको विस्तार, क्षमता विकास, बालमैत्री तथा प्रविधिमैत्री सिकाईका लागि पूर्वाधार तयार ।
- सामाजिक आर्थिक र भौतिक पूर्वाधारको विकास निर्माण तथा सम्भार गर्ने ।
- पर्यटन पूर्वाधारको बिकास र प्रवर्द्धन गर्ने ।
- आधारभूत स्वास्थ्य सेवामा सबैको पहुँचको सुनिश्चितता कायम गर्ने ।

Scanned with CamScanner

नगरसभा अध्यक्ष महोदय,

अब म आर्थिक वर्ष २०८०।८१ का लागि अनुमानित कुल आयको विवरण प्रस्तुत गर्न चाहन्छु।

क्र सं	बजेट श्रोत	रकम
१	संघीय समानिकरण	१६०४०००००
२	संघीय राजश्व बाँडफाँड	१३८६७८०००
३	संघीय शशर्त	३७५५०००००
४	प्रदेश समानिकरण	१७१३३०००
५	प्रदेश राजश्व बाँडफाँड	५५५७१८९७
६	प्रदेश शशर्त	२५७०३०००
७	आन्तरिक श्रोत	१८००००००
	जम्मा	९५,२९,८५,८९७

व्यय विवरण

क्र सं	शीर्षक	रकम	प्रतिशत
१	चालु	५९,५६,१६,१८५.६२	६२.५०%
२	पूँजीगत	३५,७३,६९,७११.३७	३७.५०%

विषय क्षेत्रगत बजेट बाँडफाँड

क्र सं	क्षेत्र	प्रस्तावित बजेट	कैफियत
१	आर्थिक विकास	७ करोड १५ लाख ६८ हजार	
२	सामाजिक बिकास	३८ करोड २९ लाख ५५ हजार	
३	पूर्वाधार विकास	२६ करोड ३७ लाख ९९ हजार	
४	व्यवस्थापन र सुशासन	३ करोड १४ लाख	
५	कार्यालय सञ्चालन तथा प्रशासन	२० करोड ३२ लाख ६३ हजार	

Scanned with CamScanner

उल्लेखित बजेट शिर्षकहरु मध्येबाट शशर्त शिर्षक बाहेकका बजेट बिनियोजन हुने कानुनी प्रवन्ध अनुसार बिनियोजन गर्न सकिने कुल बजेट ५५,१७,८२,८९७ बाट बजेटको विनियोजन र बर्गीकरण गरेको छु ।

- विकेन्द्रिकृत विकास प्रणालीलाई संस्थागत गर्ने सिलसिलामा प्रत्येक वडा कार्यालयलाई न्यूनतम १,७५,००,००० देखी अधिकतम रु १,८०,००,००० सम्म हुने गरि बिनियोजन गर्न कुल २३ करोड १० लाख बजेट बिनियोजन गरेको छु ।
- नगर भित्रको भूमिहिन, अव्यवस्थित सुकुम्बासीको व्यवस्थापनका लागि जग्गा नापी गरि जग्गाधनि प्रमाणपुर्जा उपलब्ध गराउने सिलसिलाको कार्यका लागि एक करोड बिनियोजन गरेको छु ।
- प्राकृतिक प्रकोप तथा अन्य विपदजन्य घटनाका लगि खर्च हुने गरि विपद व्यवस्थापन शिर्षकमा नगर स्तरमा रु ५० लाख बिनियोजन गरेको छु साथै वडा स्तरमा समेत गरि कुल १ करोड चार लाख रकम विपद व्यवस्थापनमा रहेको छ ।
- संघीय, प्रादेशिक र अन्य साझेदार निकायबाट प्राप्त हुने समपुरक एवं साझेदारी आयोजना सञ्चालनका लागि आवश्यक रकम विनियोजन गरेको छु ।
- नागरिकको आधारभूत अधिकारको रुपमा रहेको निशुल्क माध्यमिक शिक्षाको ग्यारेन्टीका लागि आवश्यक पर्ने सम्पुर्ण आर्थिक दायित्व नगरपालिकाले लिने गरि आवश्यक बजेट विनियोजन गरेको छु ।
- रास्ती नगर क्षेत्रभित्रका पर्यटकीय स्थलहरुको उन्नयन गरि पर्यटकीय सम्भावना अभिवृद्धी गर्न एकिकृत पर्यटकीय सञ्जाल निर्माणका लागि पर्यटन पूर्वाधार शिर्षकमा बजेट बिनियोजन गरेको छु ।
- आधारभूत स्वास्थ्य आवश्यकता परिपुर्ति र उपलब्धताको ज्ञारेन्टीका लागि घुम्ती स्वास्थ्य शिविर, प्रयोगशाला सेवा विस्तारका लागि बजेट बिनियोजन गरेको छु ।
- साविकका गाबिस स्तरमा रहने गरि कृषि तथा पशुपन्छी सम्बन्धी विस्तरित कार्यालय सञ्चालन गर्न आवश्यक बजेट बिनियोजन गरेको छु । यसबाट प्राविधिक सहायताको विस्तार भई उत्पादन र उत्पादकत्व वृद्धिको अपेक्षा लिइएको छ ।

Scanned with CamScanner

- नगर क्षेत्रभित्र उपलब्ध जडिबुटीको सङ्कलनबाट स्थानीय स्तरमै आयुर्वेदिक औषधि तयारीका लागि आवश्यक उपकरण व्यवस्था गरि आयुर्वेदिक औषधि तयारी र वितरणका लागि आवश्यक बजेट बिनियोजन गरेको छु ।
- उत्पादन र उत्पादकत्व अभिवृद्धिका लागि कृषि र पशुपन्छी बिकास शाखा मार्फत सम्पादन हुने गरि एक एक करोड बजेट बिनियोजन गरेको छु ।
- नगरस्तरीय खेलकुद कार्यक्रम सञ्चालनका लागि बजेट बिनियोजन गरेको छु ।
- नगरपालिकाको सुरक्षा प्रबन्धका लागि नगर प्रहरी व्यवस्थापन गर्न ४० लाख बजेट प्रवन्ध गरेको छु ।

अन्त्यमा ,

प्रस्तुत बजेट निर्माणको क्रममा आवश्यक मार्गदर्शन तथा सल्लाह सुझाव प्रदान गर्नुहुने आदरणीय नगरप्रमुख, कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, राष्ट्रसेवक कर्मचारीहरु, राजनैतिक दल, नागरिक समाज, निजी क्षेत्र, सञ्चार जगत लगायत सम्बन्धित सम्पूर्ण महानुभावहरुप्रति हार्दिक आभार प्रकट गर्दछु । सँगसँगै यो बजेट नीति तथा कार्यक्रमको कार्यान्वयनमा सबै नगरवासीहरुको सुझाव, सहयोग रहने अपेक्षा गर्दछु । धन्यवाद ।

Scanned with CamScanner

मिति २०८०।०३।३०

तेह्रौ नगरसभाका निर्णयहरु

१. आर्थिक ऐन २०८० पारित गर्ने सम्बन्धमा ।
२. विनियोजन ऐन २०८० पारित गर्ने सम्बन्धमा ।
३. स्थानीय भाषा ऐन २०८० सम्बन्धमा ।
४. विभिन्न समितिको प्रतिवेदन सम्बन्धमा ।
५. विविध ।

निर्णय नं.१

प्रस्ताव नं. १ माथि छलफल हुदा प्रत्येक स्थानीय तहले आफ्नो वजेट तथा कार्यक्रम तर्जुमा गर्दा उठ्न सक्ने राजस्वको श्रोतहरु एकिन गरी सोवाट प्राप्त हुने आन्तारिक राजस्वको अनुमान गर्नुपर्ने हुन्छ । सोही आधारमा आन्तारिक आम्दानी आँकलन गरिन्छ र नगर स्तरीय राजस्व परामर्श समितिवाट राजस्वका दर तथा अन्य आम्दानीका श्रोत उल्लेख भइ आएकोले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(१) वमोजिम तयार भएका आर्थिक ऐन २०८० स्वीकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. २

प्रस्ताव नं. २ माथि छलफल हुदा यस नगरपालिकामा आयको रुपमा प्राप्त हुने श्रोतवाट प्राप्त हुने स्रोतहरुवाट के कस्ता योजना कार्यक्रम र अनिवार्य दायित्वमा खर्च गरिने हो सो विषयमा ऐन वनाई खर्च गर्नुपर्ने कानूनी प्रावधान रहेकोले आ.व. ०८०।८१ मा नगरपालिकामा प्राप्त हुन सक्ने सशर्त, राजस्व वाँडफाड, समानीकरण अनुदान, आन्तारिक श्रोतहरुवाट प्राप्त हुने वजेटवाट योजना तथा विभिन्न कार्यक्रममा खर्च गर्नुपर्ने भएकोले संघीय सरकार, प्रदेश सरकार र अन्तारिक आम्दानी समेतलाई समावेश गरी विनियोजन विधेयक तयार भएको छ । वजेट तथा कार्यक्रममा रकम विनियोजन गर्ने अधिकार नगर सभामा रहेको हुदा स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२(१) वमोजिम नगरसभामा प्रस्तुत वजेट तथा कार्यक्रम परिमार्जन सहित विनियोजन ऐन २०८० स्वीकृत गर्ने सर्व सम्मत निर्णय गरियो ।

निर्णय नं. ३

रासी नगरपालिकाको तेह्रौ नगरसभामा पेश भएका स्थानीय भाषा ऐन २०८० सर्वसहमतीले पारित गर्ने निर्णय गरियो ।

निर्णय नं. ४

प्रस्ताव नं. ४ माथि छलफल रासी नगरपालिकामा रहेको देहायका विषयगत समितिले एक आर्थिक वर्ष भरीमा भएका कामकाजको प्रगति सहित वार्षिक प्रतिवेदनहरु स्वीकृत गर्ने निर्णय गरियो ।

क. लेखा समितिको प्रतिवेदन-२०८०
ख. न्यायिक समितिको प्रतिवेदन-२०८०

Scanned with CamScanner

निर्णय नं. ५ विविध

विविध निर्णय नं. १

यस नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री नीलमकुमार न्यौपानेले लामो समय निजामती सेवामा अमूल्य योगदान पुऱ्याउदै यस नगरपालिकाको नामसँग मेलखाने रासी महाकाव्य समेत लेखी ऐरावती भनि ऐतिहासिक नाम समेतको परिचय दिई निरन्तर निजामती सेवाको अमूल्य योगदानका साथै यस नगरपालिकामा समेत छोटो अवधिमा नै समन्वय र उत्कृष्ट कार्य सम्पादन गर्नु भएकोले उहाँको समग्र निजामती सेवाको मूल्याङ्कन गरी उहाँलाई यस नगरपालिकाको नगर कार्यपालिकाबाट रु २००००१। दुइ लाख एक रुपैयाँ प्रोत्साहन पुरस्कार स्वरुप प्रदान गर्ने र आगामी नगरसभाबाट सम्मान गर्ने भनि नगर कार्यपालिकाको मिति : २०८०।०३।२४ गतेको निर्णय अनुमोदन गर्ने निर्णय गरियो । साथै वडागत रुपमा राजश्व संकलनको अवस्था हेर्दा प्रथम भएका वडा नं. ८ वडा अध्यक्ष श्री पूर्ण प्रसाद आचार्य र वडा सचिव श्री विष्णु अधिकारी र दोस्रो भएका वडा नं. ७ का वडा अध्यक्ष श्री सुमिता डल्लाकोटी र वडा सचिव श्री विर्जलाल डाँगीलाई सम्मान गर्ने निर्णय गरियो ।

विविध निर्णय नं. २

आ.व. ०७९/८० मा वार्षिक कार्यक्रम र बजेटमा व्यवस्था भएका वा संशोधन भएका पूँजीगतबाट पुजीगत, चालुबाट चालु वा अति आवश्यक भै नगरि नहुने अवस्था सृजना भएका पुजीगतबाट चालुमा संशोधन वा रकमान्तर गरिएका वडागत वा नगरपालिकाका निर्णयहरु,नगर कार्यपालिकाको निर्णयहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत वा कार्यपालिकाबाट गरिएका सबै बजेट र खर्च संशोधन, सबै प्रकारको योजना खर्चहरु र पौष महिना देखि आषाढ महिना सम्म नगर प्रमुखबाट गरिएको तोक आदेशबाट भएका सबै योजना र खर्चहरु यस गरिमामय नगरसभाबाट अनुमोदन गर्ने निर्णय गरियो ।

विविध निर्णय नं. ३

भुक्तानी दिन बाँकि दायित्व सम्बन्धमा रासी नगरपालिका कार्यालय, विषयगत शाखा मार्फत संचालित विभिन्न योजना तथा कार्यक्रमहरुको आ.व. २०७९/०८० को दायित्व सृजना भई नियमानुसार कार्यालयले भुक्तानी दिनुपर्ने रकम चालु र पुँजीगत गरी रु ६,५०,००,०००। (छ करोड पचास लाख मात्र) भुक्तानी गर्न सिफारिस गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

विविध निर्णय नं. ४

रासी नगरपालिकाका अधिकृत तथा प्राविधिक स्तरका कर्मचारी तथा अन्य कर्मचारीहरुलाई मासिक १० लि. पेट्रोल र वार्षिक ८००० । मर्मत संहार खर्च निजी सवारी साधन दर्ता गरी दिने र सोको अपुग हुने अवस्था देखिएमा आवश्यकता हेरी नगर प्रमुखको तोक आदेशमा खर्च गर्न पाउने व्यवस्था सर्व सम्मत निर्णय गरियो ।

विविध निर्णय नं. ५

रासी नगर प्रमुख श्री शमशेर लामावाट यस आ.व. २०७९/०८० भित्र नगर प्रमुख स्तरीय निर्णय गरी तोक आदेश तथा नगर शिक्षा समितिको मिति : २०८०।०१।२८ को निर्णय वमोजिम शिक्षक दरवन्दी मिलान र स्थायी शिक्षक, प्र.अ.सम्वन्धी मापदण्ड, रासी नगरपालिका महिला समन्वय समितिको अध्यक्षमा वडा नं. ७ की वडा अध्यक्ष श्री सुमिता डल्लाकोटीलाई गरिएको नियुक्ति, रासी नगरका सवै भागमा सरसफाइ गर्नको लागि नेपाल स्वच्छ वातावरण सेवा प्रा.लि.सँग नगर प्रमुख स्तरिय निर्णय गरि नगरसभाले तोकेको वमोजिम कर लिने गरी गरेको सम्झौता, नगर प्रमुख स्तरीय निर्णय गरी प्रेस विज्ञसी मार्फत रासी नगरपालिकाका प्रवक्त श्री श्याम सुन्दर उप्रेतीलाई हटाइएको व्यहोरा र उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृत र सवै वडा अध्यक्षहरुवाट गरिएको तोक आदेशका सवै निर्णयहरुलाई यस सभावाट अनुमोदन गर्ने निर्णय गरियो ।

Scanned with CamScanner

निर्णय नं. १ सँग सम्बन्धित

तेह्रौ नगरसभाबाट स्वीकृत

रासी नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

सभाबाट स्वीकृती मिती : २०८०।०३।३०

प्रस्तावनाः रासी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को अर्थ सम्वन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) वमोजिम रासी नगर सभाले यो ऐन वनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस ऐनको नाम "आर्थिक ऐन, २०८०" रहेको छ ।
(२) यो ऐन २०८० साल श्रावण १ गतेदेखि रासी नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. सम्पति करः नगरपालिकाका क्षेत्रभित्र अनुसूचि (१) वमोजिम एकिकृत सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

३. भूमि कर (मालपोत): नगरपालिका क्षेत्रभित्र अनुसूचि (२) बक्यौदा रहेको भूमि कर (मालपोत) सावित वमोजिम जरिवाना सहित असूल उपर गरिनेछ ।

४. घर वहाल करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै आंशिक तवरले वहालमा दिएकोमा अनुसूचि (३) वमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

५. व्यवसाय करः नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) वमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

६. जडिबुटी, कवाडी र जीवजन्तु करः नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) वमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन करः नगरपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) वमोजिम सवारी साधन कर लगाइने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

८. विज्ञापन करः नगरपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) वमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि वमोजिम हुनेछ ।

Scanned with CamScanner

९. मनोरन्जन करः नगरपालिका क्षेत्रभित्र हुने मनोरन्जन व्यवसाय सेवामा अनुसूचि (८) वमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१०. बहाल बिटौरी शुल्कः नगरपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका अनुसूचि (९) मा उल्लेख भए अनुसार हाट बजार वा पसलमा सोही अनुसूचिमा भएको व्यस्था अनुसार वहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्कः नगरपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) वमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्ग शुल्कः नगरपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र च्याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) वमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१३. सेवा शुल्क, दस्तुरः नगरपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीवाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटनशुल्कः नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन शुल्क लगाईने र असुल उपर गरिनेछ ।तर, प्रदेश कानुन स्वीकृत भई सो कानुनमा अन्यथा व्यवस्था भएको अवस्थामा सोहि बमोजिम हुनेछ ।

१५. कर छुटःयस ऐन बमोजिम बाहेक कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्वन्धि कार्यविधि नगरपालिकाले तोके अनुसार हुने र यसमा उल्लेख नभएका करका दरहरु साविक तथा प्रचलित कानून बमोजिम कायम हुनेछ ।

१७. विविध : क) दण्ड जरिवाना सम्बन्धी आ.व. ०८०/८१ भित्र कर नबुझाएमा व्यावसाय तथा अन्य करमा थप २५% जरिवाना लगाइनेछ।

Scanned with CamScanner

तेह्रौ नगरसभाबाट स्वीकृत

निर्णय नं. १ सँग सम्बन्धित

अनुसूची-१ सम्पति करको दर

एकीकृत सम्पत्ति कर तर्फ जग्गा मुल्याङ्कन				
	वडा नं .१			
सि.नं.	विवरण			मुल्याङ्कन प्रतिकठ्ठा
१	लोकमार्गमा पर्ने जग्गा			८०००००
२	ग्रेवल बाटो जग्गा			३०००००
३	भित्रि बाटोमा पर्ने जग्गा परेवाकोट बाहेक			२०००००
४	बाटो नभएको जग्गा			१०००००
५	परेवाकोटमा पर्ने जग्गा			२००००
६	ढलान तथा पिच बाटो			४०००००
७	बाटो भएको खेतियोग्य जग्गा			१५००००
	वडा नं .२			
सि.नं.	विवरण			प्रतिकठ्ठा
१	लोकमार्गमा पर्ने जग्गा			८०००००
२	ग्रेवल बाटोमा पर्ने जग्गा			३०००००
३	ढलान तथा पिच बाटो			४०००००
४	भित्रि बाटोमा पर्ने जग्गा			२०००००
५	बाटो भएको जग्गा			१५००००
६	बाटो नभएको जग्गा			१०००००
	वडा नं .३			
सि.नं.	विवरण			प्रतिकठ्ठा
१	लोकमार्गमा पर्ने जग्गा			८०००००
२	ढलान तथा पिच बाटो			४०००००
३	ग्रेवल बाटोमा पर्ने जग्गा			३०००००
४	भित्री बाटोमा पर्ने जग्गा			२०००००

Scanned with CamScanner

निर्णय नं. १ सँग सम्बन्धित

तेहौ नगरसभाबाट स्वीकृत

५	बाटो भएको जग्गा			१५००००
६	बाटो नभएको जग्गा			१०००००
	वडा नं .४			
सि.नं.	विवरण			प्रतिकठ्ठा
१	लोकमार्गमा पर्ने जग्गा			८०००००
२	ढलान तथा पिच बाटो			६०००००
३	ग्रेवल बाटोमा पर्ने जग्गा			४०००००
४	भित्री बाटोमा पर्ने जग्गा			३०००००
५	बाटो भएको खेतियोग्य जग्गा			१५००००
६	बाटो नभएको जग्गा			१०००००
	वडा नं .५			
सि.नं.	विवरण			प्रतिकठ्ठा
१	लोकमार्गमा पर्ने जग्गा			१००००००
२	बजारको दायाँवायाँ पिच बाटो			८०००००
३	ग्रेवल बाटोमा पर्ने जग्गा			६०००००
४	भित्री बाटोमा पर्ने जग्गा			४०००००
५	बाटो भएको खेतियोग्य जग्गा			२०००००
६	बाटो नभएको जग्गा			१०००००
	वडा नं .६			
सि.नं.	विवरण			प्रतिकठ्ठा
१	लोकमार्गमा पर्ने जग्गा			८०००००
२	ढलान तथा पिच बाटो			६०००००
३	ग्रेवल बाटोमा पर्ने जग्गा			३०००००
४	भित्री बाटोमा पर्ने जग्गा			२०००००
५	बाटो भएको खेतियोग्य जग्गा			१५००००

Scanned with CamScanner

निर्णय नं. १ सँग सम्बन्धित

तेह्रौ नगरसभाबाट स्वीकृत

६	बाटो नभएको जग्गा			१०००००
	वडा नं .७			
सि.नं.	विवरण			प्रतिकठ्ठा
१	राजमार्गमा जग्गा			१०००००
२	शाखा पिच बाटोमा पर्ने जग्गा			६०००००
३	ग्रेवल बाटोमा पर्ने जग्गा			३०००००
४	सहमतिको बाटोमा पर्ने जग्गा			२५००००
५	बाटो भएको खेतीयोग्ग जग्गा			१५००००
६	बाटो नभएको जग्गा			१०००००
	वडा नं .८			
सि.नं.	विवरण			प्रतिकठ्ठा
१	लोकमार्गमा जग्गा			१०००००
१००२	भण्डारा अस्पताल राप्ती ०५	स्वास्थ्य	२११११	बागमती प्रदेश - नगद अनुदान	५	N/A	२,००,००० ००	२,००,००० ००	२,००,००० ००	४,००,००० ००	१०,००,००० ००
१००३	मा वि शून्य दरबन्दी भएका सामुदायिक विद्यालयमा अङ्ग्रेजी/गणित/विज्ञान शिक्षकका लागि सहयोग अनुदान	शिक्षा	२११११	बागमती प्रदेश - नगद अनुदान	१०	N/A	३,४०,८०० ००	३,४०,८०० ००	५,११,२०० ००	५,११,२०० ००	१७,०४,००० ००
१००४	अपाङ्गता भएका व्यक्तीहरुलाइ समुदायमा आधारित पुनस्थापना सहयोग कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	बागमती प्रदेश - नगद अनुदान	२०	पटक	७५,००० ००	७५,००० ००	७५,००० ००	७५,००० ००	३,००,००० ००
१००५	आमा बाबु विहिन बालबालिका संरक्षण कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	बागमती प्रदेश - नगद अनुदान	८	पटक	२४,००० ००	२४,००० ००	२४,००० ००	२४,००० ००	९६,००० ००

Scanned with CamScanner

राप्ती नगरपालिका

नगर कार्यपालिकाको कार्यालय, चितवन

कार्यालयको कोड : ८०३३१४०१३००

कार्यक्रम / परियोजना अनुसार बजेट विनियोजन

आ.व. : २०८०/८१

सि.नं.	कार्यक्रम/आयोजना/क्रियाकलापको नाम	उप क्षेत्र	खर्च शीर्षक	स्रोत	लक्ष	इकाई	विनियोजन				
							पहिलो चैमासिक	दोस्रो चैमासिक	तेस्रो चैमासिक	चौथो चैमासिक	जम्मा
१००६	पुष्प खेती कार्यक्रम	कृषि	२२५२२	बागमती प्रदेश - नगद अनुदान	४	संख्या	२,५०,००० ००	२,५०,००० ००	२,५०,००० ००	२,५०,००० ००	१०,००,००० ००
१००७	पाडापाडी प्रवर्धन कार्यक्रम एकल महिला आयआर्जनको लागि	पशुपन्छी विकास	२२५२२	बागमती प्रदेश - नगद अनुदान	४	संख्या	२,५०,००० ००	२,५०,००० ००	२,५०,००० ००	२,५०,००० ००	१०,००,००० ००
१००८	फलफुल (कागती र ड्रागन फ्रुट) प्रवर्धन कार्यक्रम	कृषि	२२५२२	बागमती प्रदेश - नगद अनुदान	५	संख्या	४,००,००० ००	२,००,००० ००	४,००,००० ००	० ००	१०,००,००० ००
१००९	बारघापालन प्रवर्धन कार्यक्रम, राप्ती १२ र १३ चेपाङ जाति लक्षित	पशुपन्छी विकास	२२५२२	बागमती प्रदेश - नगद अनुदान	५	N/A	२,००,००० ००	२,००,००० ००	२,००,००० ००	४,००,००० ००	१०,००,००० ००
१०१०	बालमैत्री स्थानिय तह घोषणा प्रोत्साहन कार्यक्रम	सामाजिक सुरक्षा तथा संरक्षण	२२५२२	बागमती प्रदेश - नगद अनुदान	५	N/A	३०,००० ००	३०,००० ००	३०,००० ००	६०,००० ००	१,५०,००० ००
१०११	भैंसी प्रवर्धन कार्यक्रम राप्ती ९	पशुपन्छी विकास	२२५२२	बागमती प्रदेश - नगद अनुदान	५	N/A	२,००,००० ००	२,००,००० ००	२,००,००० ००	४,००,००० ००	१०,००,००० ००
१०१२	विरेन्द्रनगर आयुर्वेद औषधालय राप्ती ०७	स्वास्थ्य	२२५२२	बागमती प्रदेश - नगद अनुदान	५	N/A	४,००,००० ००	२,००,००० ००	२,००,००० ००	२,००,००० ००	१०,००,००० ००
१०१३	कृषि उपज (दुध) ढुवानी सवारी साधन सहयोग राप्ती २	कृषि	३११२१	बागमती प्रदेश - नगद अनुदान	१	संख्या	० ००	० ००	१५,००,००० ००	० ००	१५,००,००० ००
१४	खुरखुरे ठकुरी भञ्ज्याङ सडक राप्ती १०	यातयात पूर्वाधार	३११५१	बागमती प्रदेश - नगद अनुदान	५	संख्या	३२,००,००० ००	३२,००,००० ००	१६,००,००० ००	० ००	८०,००,००० ००
१०१५	धमौरा कुलो चेपाङ मार्ग बाट पश्चिम ८०० मि कुलो लाइनिङ कार्य राप्ती ०६	जलश्रोत तथा सिचाई	३११५५	बागमती प्रदेश - नगद अनुदान	५	संख्या	१०,००,००० ००	१०,००,००० ००	५,००,००० ००	० ००	२५,००,००० ००
१०१६	वैद्यपानी खा पा विस्तार कार्य राप्ती ०१ चितवन	खानेपानी तथा सरसफाई	३११५६	बागमती प्रदेश - नगद अनुदान	४	N/A	५,००,००० ००	५,००,००० ००	५,००,००० ००	५,००,००० ००	२०,००,००० ००
	कुल जम्मा						३१,२०,९०,६५२ ००	२३,४५,५२,०९२ ००	२२,५४,४०,८९२ ००	२७,११,५२,६८८ ६६	१,०४,३२,३६,३२४ ६६

Scanned with CamScanner

स्थानीय भाषा ऐन, २०८०

नगर सभाबाट पारित मितिः२०८०।०३।३०

प्रमाणीकरण मितिः२०८०।०३।३०

प्रस्तवाना :

नेपालको संविधानको धारा ३२ को भाषा तथा संस्कृतिको हक (१) मा प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो भाषाको प्रयोग गर्ने हकको प्रावधान छ। त्यसैगरी संविधानको धारा २८७ को उपधारा ६ बमोजिमका आयोगका काम, कर्तव्य र अधिकारअन्तर्गत सरकारी कामकाजको भाषाका रूपमा मान्यता पाउन पूरा गर्नुपर्ने आधारहरूको निर्धारण गरी नेपाल सरकारसमक्ष भाषाको सिफारिस गर्ने, भाषाहरूको संरक्षण, संवर्द्धन र विकासका लागि अवलम्बन गर्नुपर्ने उपायहरूको नेपाल सरकारसमक्ष सिफारिस गर्ने, मातृभाषाहरूको विकासको स्तर मापन गरी शिक्षामा प्रयोगको सम्भाव्यताका बारेमा नेपाल सरकारसमक्ष सुझाव पेस गर्ने एवम् भाषाहरूको अध्ययन, अनुसन्धान र अनुगमन गर्ने प्रावधान समाविष्ट छन् । धारा ५१ ग (७) मा बहुभाषिक नीति अवलम्बन गर्ने उल्लेख छ ।

भाषा आयोग ऐन, २०७४ परिच्छेद २ को दफा ३ को (ख) मा नेपालमा बोलिने मातृभाषाको संरक्षण, संवर्द्धन र विकासका लागि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहका सरकारले अपनाउनुपर्ने नीतिगत वा संस्थागत उपायहरूका बारेमा नेपाल सरकारसमक्ष सिफारिस गर्ने ग) नेपालमा बोलिने मातृभाषा तथा लिपिको संरक्षण, संवर्द्धन र विकासका लागि आवश्यक कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गर्न तथा गराउन सम्बन्धित निकायलाई सिफारिस गर्ने प्रबन्ध गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ११ (फ) बमोजिम गाउँसभाले (गाउँपालिकाको हकमा) वा नगरसभा (नगरपालिकाको हकमा) यो ऐन तर्जुमा गरी जारी गरिएको छ ।

परिच्छेद-१

प्रारम्भिक

१. **सङ्क्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम "स्थानीय भाषा ऐन, २०८०" रहेको छ (२) यो ऐन स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागू हुनेछ ।

२. **परिभाषाः** विषय प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,

(क) "सरकारी कामकाजको भाषा" भन्नाले राज्य (सङ्घ, प्रदेश र स्थानीय सरकार) कानुनी मान्यता प्रदान गरेको, सरकारी (व्यवस्थापिका, कार्यपालिका र न्यायपालिकाको कामकारबाही), शिक्षा, सार्वजनिक, निजी क्षेत्रका कार्यालय, प्रतिष्ठान, नेपाल सरकारका निकायमा दर्ता भएका सङ्घसंस्थाहरूका कार्यालय, कार्यक्षेत्र, सेवा सुविधाप्रदायक क्षेत्र, सूचना प्रवाहलगायतमा लिखित,

Scanned with CamScanner

मौखिक वा साङ्केतिक वा हाउभाउबाट अभिव्यक्त गरिने प्रचलित कानुनमा उल्लिखित तथा नेपाल सरहदभित्र उत्पत्ति भएका मातृभाषा, समूह वा समुदायको भाषा र सम्पर्क भाषा समेतलाई जनाउनेछ ।

(ख) "सरकारी कामकाजको भाषा प्रयोग हुने क्षेत्र" भन्नाले राज्यका तीनवटै तह र अङ्गहरू (कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका कामकारबाहीसँग सम्बन्धित क्षेत्र) शिक्षा, सार्वजनिक, निजी क्षेत्रका कार्यालय, प्रतिष्ठान, नेपाल सरकारका निकायमा दर्ता भएका सङ्घसंस्था, कम्पनीसमेतका (कार्यालय, कार्यक्षेत्र, सेवा सुविधा प्रदायक) क्षेत्र ।

(ग) "मातृभाषा" भन्नाले कुनै समुदाय वा समूहले बोल्ने, प्रयोग गर्ने, नेपाल उत्पत्ति वा ऐतिहासिक रूपमा नेपाल सरहदसँग सम्बन्धित स्थानीय भाषासरह प्रयोगमा रहेका भाषालाई जनाउने छ ।

(घ) "भाषाको आधारमा गरिने कसूर" भन्नाले भाषा वा भाषा प्रयोग गरेको आधारमा कसैले, कसैलाई, कुनै प्रकारले सार्वजनिक र निजी स्थानहरूमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव, बहिष्करण, सीमान्तीकरण वा अपमानजन्य व्यवहार वा प्रतिष्ठामा आँच आउने कुनै पनि कार्य वा भाषा आयोगले सिफारिस गरी यस ऐनमा सरकारी कामकाजको भाषाको रूपमा मान्यताप्राप्त कुनै भाषामा सरकारी कामकाज तथा सेवा दिन इन्कार गर्ने कार्यसमेतलाई जनाउने छ।

(ङ) "सङ्घीय सरकारको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (१) धारा १०९ सँग सम्बन्धित अनुसूची (५) अनुसार उल्लिखित सङ्घको अधिकारको सूची सम्झनु पर्दछ ।

(च) "प्रदेश सरकारको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा १२४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सम्बन्धित अनुसूची (६) अनुसार उल्लिखित प्रदेशको अधिकारको सूची सम्झनु पर्दछ ।

(छ) "स्थानीय सरकारको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा ३, धारा २३२ को उपधारा (७), धारा २७४को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित अनुसूची (८) अनुसार उल्लिखित स्थानीय तहको अधिकारको सूची सम्झनु पर्दछ ।

(ज) "सङ्घ र प्रदेश कार्यक्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (२), धारा १६२ को उपधारा (४), धारा १९७, धारा २३१ को उपधारा ३, धारा २३२ को उपधारा (७), धारा २७४को उपधारा (४) र धारा २९६ को उपधारा (४) सँग सम्बन्धित अनुसूची-८ बमोजिमको अधिकारको साझा सूचीलाई सम्झनु पर्नेछ ।

(झ) "सङ्घ, प्रदेश र स्थानीय तहको अधिकार क्षेत्र" भन्नाले नेपालको संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा १२४ को उपधारा

Scanned with CamScanner

(२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) सँग सम्बन्धित अनुसूची-९ बमोजिमको सङ्घ, प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीलाई सम्झनु पर्नेछ ।

(ञ) "भाषा आयोग" भन्नाले नेपालको संविधान, २०७२ को धारा २८७ बमोजिम गठन भएको भाषा आयोगलाई जनाउनेछ ।

परिच्छेद-२

भाषिक समता, सम्मान र प्रयोगको नैसर्गिक अधिकार

३. **भाषिक समानता, समता र सम्मानः** (१) भाषा प्रयोग गर्न पाउने व्यक्ति वा समुदायको जन्मसिद्ध र नैसर्गिक मानव अधिकार हो। भाषा तथा भाषा प्रयोग गरेको आधारमा कसैले, कसैलाई, कुनै प्रकारले सार्वजनिक र निजी स्थानहरूमा समेत प्रत्यक्ष वा अप्रत्यक्ष भेदभाव, बहिष्करण, सीमान्तीकरण वा अपमानजन्य व्यवहार वा प्रतिष्ठामा आँच आउने कुनै पनि कार्य गर्नु वा गराउनु हुँदैन ।

(२) सरकारी कामकाजको भाषाको रूपमा मान्यताप्राप्त नेपालमा बोलिने मातृभाषी समुदाय र आदिवासीहरूको मातृभाषासँग जोडिएको संस्कृति, सम्पदा, पहिचान, प्रतिष्ठालगायतका संवेदनशील विषयहरू संरक्षित र अनतिक्रम्य हुनेछ। यी विषयमा नेपालको संविधानअनुसार सम्बन्धित मातृभाषी समुदाय र आदिवासी मातृभाषी समुदायको स्वायत्त अधिकार रहनेछ ।

(३) उपदफा (२)मा उल्लिखित विषयबारे समुदायको सरोकार तथा प्रभावित पार्ने निर्णयहरूमा सम्बन्धित मातृभाषी समुदाय र आदिवासी समुदायको अर्थपूर्ण प्रतिनिधित्व र अग्रिम सुसूचित मञ्जुरी लिइनेछ।

(४) उपदफा (३) अनुसार प्रतिनिधित्वको निम्ति सम्बन्धित मातृभाषी समुदायले चयन गरेका सम्बन्धित विषयका विज्ञहरूको सहभागिता गर्नु/गराउनु पर्नेछ । सम्बन्धित मातृभाषी समुदाय र आदिवासी समुदायको अग्रिम सुसूचित स्वतन्त्र मञ्जुरीका ढाँचा र प्रक्रियाको लागि नियमावलीमा व्यवस्था गरिनेछ ।

४. **विभेद र अपमानजन्य व्यवहारविरूद्ध व्यवस्थाः** सरकारी कामकाजको भाषाको रूपमा नेपालमा उत्पत्ति भएका मातृभाषा प्रयोग हुने सरकारी, सार्वजनिक र निजी कार्यालयहरूमा भाषा प्रयोग गरेको आधारमा विभेद, बहिष्करण र अपमानजन्य व्यवहार रोक्न र त्यस्तो कार्य भएमा तत्काल कारबाही गर्ने गराउने व्यवस्था सम्बन्धित कार्यालयले गर्नुपर्नेछ ।

५. **भाषाको समतामूलक विकासः** सरकारी कामकाजको भाषाको रूपमा यस ऐनद्वारा मान्यताप्राप्त, अनुसूचीअनुसारको मातृभाषाहरू एवम् स्थानीय तहमा बोलिने भाषाहरूको विकास, सुदृढीकरण र स्तरोन्नत्ति लगायतको कार्य गर्न र सरकारी कामकाजको भाषा प्रयोग स्थानीय सरकारले गर्ने योजना, कार्यक्रम तथा बजेटको व्यवस्था गर्नु पर्नेछ ।

Scanned with CamScanner

परिच्छेद-३

कसूर, अनुसन्धान, तहकिकात तथा दण्ड सजाय

६. **भाषाको आधारमा गरिने कसूर** (१) भाषा वा भाषा बोलेको वा प्रयोग गरेको आधारमा गरिने कुनै पनि प्रकारको कसूर वा उद्योग दण्डनीय हुनेछ ।

(२) उपदफा (१) अनुसारको कसूरमा तीन वर्षसम्म कैद वा तीस हजार जरिवाना वा दुवै सजाय हुनेछ ।

७. **सार्वजनिक पदधारण गरेका वा सार्वजनिक पदमा बहाल रहेका व्यक्तिहरूले कसूर गर्न नहुनेः** सार्वजानिक पद धारण गरेका वा सार्वजनिक पदमा बहाल रहेका व्यक्तिहरूले यस ऐनअनुसार कसूर गरे वा सरकारी कामकाजको भाषा प्रयोग गर्न इन्कार गरेबापत सजाय भएमा निजको व्यक्तिगत फाइलमा अभिलेख राख्नुपर्नेछ ।

८. **सरकारवादी हुनेः** यस ऐनअनुसारको कसूर मुलुकी फौजदारी अपराध कार्यविधि संहिता, २०७४ को अनुसूची बमोजिमको सरकारवादी फौजदारी अपराध हुनेछ ।

९. **सङ्क्षिप्त कार्यविधिः** यस ऐनअन्तर्गतको मुद्दाको कारबाही र किनारा गर्दा सङ्क्षिप्त कार्यविधि अपनाउनु पर्नेछ ।

१०. **भाषा आयोगको सिफारिसः** यस ऐनअन्तर्गतको कसूरमा कारबाही चलाउन वा चलेको कारबाहीमा सम्बन्धित निकायले मागेको बखतमा आवश्यक सुझावसहित भाषा आयोगले सिफारिससमेत गर्न सक्नेछ ।

परिच्छेद-४

सरकारी कामकाजमा भाषाको प्रयोगसम्बन्धी व्यवस्था

११. (१) **गाउँसभा र नगरसभाको कामकारबाहीसम्बन्धी भाषाः** गाउँसभा र नगरसभामा प्रस्तुत वा पेस हुने विधेयक प्रतिवेदन वा प्रस्तावहरू अनुसूचीमा उल्लिखित भाषाहरूमा समेत अनुवादित प्रति पेस गर्नुपर्नेछ ।

(२) अनुसूचीमा उल्लिखित भाषासमेत छलफल र बहस हुनेछन् र त्यसको अन्य सरकारी कामकाजको भाषामा मौखिक रूपमा अनुवादको व्यवस्था गर्नु/गराउनु पर्नेछ। स्थानीय तहको व्यवस्थापिका, कार्यपालिकीय र न्यायपालिकीय कामकारबाहीमा स्थानीय तहमा बोलिने भाषाहरूमा मौखिक स्वरूपको प्रयोग गर्न पाउने प्रबन्ध गर्नुपर्नेछ।

(३) गाउँसभा वा प्रमुख, नगरसभा र नगरप्रमुख समक्ष पेस हुने प्रतिवेदनहरू अनुसूचीका भाषाहरूमा अनुवाद गर्नुपर्नेछ ।

Scanned with CamScanner

(४) स्थानीय सरकार र सम्बन्धित निकायहरू, स्थानीय सरकार र सङ्घीय सरकार, स्थानीय सरकार प्रदेश सरकारबीच तथा स्थानीय र स्थानीय सरकारबीच अनुसूचीको भाषामा समेत पत्रचार गर्नुपर्नेछ ।

५) स्थानीय कार्यपालिकाले भाषा आयोग अध्ययन र सिफारिसको आधारमा सरकारी कामकाजका लागि सूचीकृत भाषाबाहेक पनि स्थानीय तह र वडागत सरकारी कामकाजको भाषा निर्धारण गरी सरकारी कामकाजमा प्रयोग गर्न सक्नेछ । नगरपलिकाभित्र भाषिक स्वायत्त, विशेष वा संरक्षित क्षेत्र घोषणा गरी स्थानीय भाषाको संरक्षण, संवर्द्धन र विकास गर्न सक्नेछ ।

१२. सरकारी कामकाजको भाषाको दस्तावेजीकरण र अभिलेखीकरणः (१) सरकारी कामकाजको भाषाको दस्तावेजीकरण र अभिलेखीकरण सबै सरकारी कामकारबाही, कार्यालयमा रहने सार्वजनिक दस्तावेजहरू कानुनी मान्यताप्राप्त सरकारी कामकाजको भाषामा दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ र प्रचलित कानूनअनुसार सेवाग्राहीले चाहेको सरकारी कामकाजको भाषामा लिखित तथा मौखिक सूचना प्रदान गरिनेछ ।

(२) यस ऐनमा उपदफा (१) मा उल्लिखित कार्यालयहरूमा सेवाग्राहीले कुनै पनि सरकारी कामकाजको भाषामा पेस गर्ने निवेदन, प्रमाण, कागजपत्रलगायतका सम्बन्धित दस्तावेजहरूको सोही भाषामा दस्तावेजीकरण र अभिलेखीकरण गरिनेछ ।

१३. भाषा अनुवादकको व्यवस्था (१) अड्डा अदालत, न्यायाधीकरण, प्रशासनिक निकाय तथा कार्यालय, आयोग, सुरक्षा निकायहरूमा न्यूनतम १ दरबन्दी रहने गरी सरकारी कामकाजमा भाषा प्रयोगका लागि भाषा अनुवादकको व्यवस्था गरिनेछ ।

परिच्छेद-५

सरकारी कामकाजमा भाषाको प्रयोग र कानुनी समाजस्यता

१४. सरकारी कामकाजमा भाषा प्रयोगसम्बन्धी प्रचलित कानूनमा सामञ्जस्यताः (१) सरकारी कामकाजको भाषा प्रयोगसम्बन्धी प्रचलित कानुनमा भएका व्यवस्था यस ऐनसँग सामञ्जस्यता कायम रहने गरी प्रयोग तथा व्याख्या गरिने छ ।

(२) यस ऐनमा लेखिएको कुरा यसै ऐन बमोजिम हुनेछ ।

परिच्छेद-६

भाषा आयोगः समन्वय, अनुगमन र सहजीकरण

१५. सरकारी कामकाजमा भाषा प्रयोगमा समन्वय, अनुगमन र सहजीकरणः (१) सरकारी कामकाजको भाषा प्रभावकारी रूपले प्रयोग गर्न तथा गराउन सम्बन्धित कुनै पनि सरकारी तथा अन्य कार्यालयलाई भाषा आयोगले समन्वय, अनुगमन र सहजीकरणका लागि आवश्यक कार्य गर्नेछ ।

Scanned with CamScanner

(२) उपदफा (१) बमोजिम बाहेकका अन्य कामकारवाही गर्न बाधा अड्चन परे आवश्यक सहयोगका लागि दफा २ (ख) मा उल्लिखित कार्यालयले भाषा आयोगको सेवा लिन सक्नेछ ।

(३) सरकारी भाषाको प्रयोग प्रभावकारी रूपमा गर्न गराउने भाषा आयोगले अनुगमन गर्नेछ। सम्बन्धित कार्यालयले भाषा आयोगले मागेको आवश्यक प्रमाणहरू उपलब्ध गराउनु पर्नेछ ।

(४) भाषा आयोगले दिएको सिफारिस सम्बन्धित निकाय तथा कार्यालयहरूले पालना गर्नुपर्नेछ ।

१६. मातृभाषासम्बन्धी सहयोग लिन सक्नेः (१) सरकारका कुनै पनि निकायले सरकारी कामकाजको भाषा प्रयोग सम्बन्धमा मातृभाषी सङ्घसंस्थाहरूसँग समन्वय गरी प्राविधिक, विज्ञ तथा जनशक्तिहरू प्राप्त गर्न सक्नेछ ।

(२) सरकारी निकाय, आयोग, अड्डा अदालतले भाषाको आधिकारिकता, संस्कृति, ज्ञान, अर्थजस्ता प्राविधिक सहयोग मागेको अवस्थामा सम्बन्धित मातृभाषामा काम गर्ने आदिवासी जनजातिका सङ्घसंस्था वा मातृभाषी संस्थाले सहयोग उपलब्ध गराउन सक्नेछ।

(३) उपदफा (२)अनुसारको सहयोगको लागि सम्बन्धित भाषिक समुदाय वा संस्थाले भाषामा दखल भएकाहरूको रोष्टर वा समूह बनाउने छ । यसका निम्ति सम्बन्धित सरकार (सङ्घ, प्रदेश, स्थानीय सरकार), सार्वजनिक र निजी संस्थाहरूले समेत बजेट सम्बन्धित संस्था वा समुदायलाई उपलब्ध गर्नु/गराउनु पर्नेछ ।

(४) उपदफा (२) अनुसार सहयोग उपलब्ध गराएबापत सहयोग माग गर्ने निकायले लाग्ने खर्चलगायत सम्वन्धित संस्थालाई उपलब्ध गराउनेछ ।

परिच्छेद-७

शिक्षामा भाषा प्रयोग र विस्तार

१७. शिक्षाको माध्यम भाषाः (१) स्थानीय तहभित्रका विद्यालय एवम् शिक्षण संस्थाहरूमा शिक्षाको माध्यम भाषाको रूपमा नेपालीबाहेक प्रदेशको सरकारी कामकाजको भाषामा सूचीकृत भाषालाई प्रयोग गरिनेछ ।

उपदफा (२) मा सरकारी कामकाजको लागि सूचीकृत भाषाको प्रयोग गर्ने भनिए तापनि कक्षाकोठामा उपस्थित विद्यार्थीको भिन्नभिन्न मातृभाषिक पृष्ठभूमिको आधारमा विद्यार्थीको पहिलो वा मातृभाषामा आधारित बहुभाषिक शिक्षा प्रदान गर्नु पर्नेछ ।

१८. मातृभाषा विषयः विद्यालय शिक्षाको पाठ्यक्रमले निर्धारण गरेअनुसार मातृभाषी विद्यार्थीलाई विषयका रूपमा मातृभाषा विषय पठनपाठन गर्नु/गराउनु पर्नेछ ।

Scanned with CamScanner

परिच्छेद-८

स्थानीय भाषाको संरक्षण, संवर्द्धन र विकास

१९. **स्थानीय भाषाको संरक्षण, संवर्द्धन र विकासः**(१) स्थानीय तहमा बोलिने भाषाहरूको पुस्तान्तरण गरेर मातृभाषाहरूको संरक्षण गर्नका लागि लोपोन्मुख भाषाहरूमा कक्षा सञ्चालन र अन्य मातृभाषाहरूको अन्तर्पुस्ता हस्तान्तरणका निम्ति नगरपालिकाबाट प्रदान गरिने सेवा सुविधाप्राप्त गर्न सम्बन्धित भाषिक समुदायले आफ्नो धर्म, संस्कार, संस्कृति र सभा, भेलामा मातृभाषाको प्रयोग गरेको हुनुपर्नेछ ।

(२) स्थानीय भाषाको प्रयोगलाई व्यावहारिक र प्रभावकारी, स्थानीय सरकार तथा तततत् सरकारका निकायहरूमा दर्ता, अनुमतिप्राप्त सार्वजनिक तथा निजी सङ्गसंस्था वा कानुनी व्यक्तिहरूले आवश्यक योजना, कार्यक्रम तथा बजेट विनियोजन गर्नु/गराउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको कार्य गर्नको लागि भाषा आयोगले आवश्यक सिफारिस गर्न सक्नेछ र उक्त सिफारिस सम्बन्धित पक्षले कार्यान्वयन गरी प्रतिवेदन आयोग समक्ष बुझाउनु पर्नेछ ।

२०. **भाषा अध्ययन अनुसन्धान र मानक भाषा निर्धारणः** (१) स्थानीय सरकारले सरकारी कामकाजको भाषाबारे अध्ययन, अनुसन्धान, खोज गर्ने र मानक भाषा निर्धारण गरी प्रयोग गर्ने गराउनेछ ।

(२) उपदफा (१) को स्थानीय सरकारहरूले विषय विज्ञहरू सम्मिलित भाषा विकास प्रतिष्ठान, संस्थान, समिति, नियमक निकाय गठन गरिनेछ ।

२१. **आधारभूत सेवामा सरकारी कामकाजको भाषाको सुदृढीकरण:** (१) शिक्षा, स्वास्थ्य, सुरक्षा, संस्कृति, कानुन निर्माण, अड्डा अदालत, जनप्रशासन, जनजीविका, कृषि, वातावरण, वित्तीय कारोबार, विपद व्यवस्थापन, नागरिक सचेततालगायतका आधारभूत सेवामा प्रभावकारी रूपमा सरकारी कामकाजको भाषा प्रयोग, विकास तथा सुदृढीकरणको लागि सम्बन्धित सरकार तथा सरकारी निकाय, सार्वजनिक तथा निजी संस्थाले प्रत्येक आर्थिक वर्षमा कार्यक्रम, योजना र बजेट विनियोजन गर्नु तथा गराउनु पर्नेछ ।

(२) उपदफा (१) अनुसार भएको प्रगति प्रतिवेदन वार्षिक रूपमा भाषा आयोगलाई सम्बन्धित निकाय तथा कार्यालयहरूले बुझाउनु पर्नेछ ।

२२. **सरकारी भाषासम्बन्धी कम्प्युटर सफ्टवेयर, प्रोग्राम लगायतको व्यवस्थाः** सरकारी कामकाजको भाषा प्रयोगलाई आधुनिकीकरण र यान्त्रीकरण गरी व्यवस्थित र सेवाग्राहीमैत्री बनाउन कम्प्युटर प्रोग्राम, सफ्टवेयर लगायतका आवश्यक उपकरण, भाषा अनुवादसम्बन्धी प्रविधि र यन्त्रहरूको आवश्यक व्यवस्था सम्बन्धित कार्यालयहरूले गर्नु पर्नेछ ।

Scanned with CamScanner

परिच्छेद-९

विविध

२३. स्थानीय तहमा चाहिने कर्मचारी तथा जनशक्ति नियुक्ति र भर्नामा सरकारी कामकाजको भाषा प्रयोग: स्थानीय तहमा चाहिने कर्मचारी तथा जनशक्ति नियुक्ति र भर्ना गर्दा लिइने लिखित तथा मौखिक परीक्षाको पाठ्यक्रममा परिमार्जन, संशोधन र अनुवाद गरी सम्बन्धित प्रदेश सरकारी कामकाजका भाषाहरू यस ऐन लागू भएपछि कार्यान्वयन गर्नु पर्नेछ ।

२४. सरकारी कामकाजको भाषा प्रयोग गरेको प्रगति प्रतिवेदन सार्वजनिक गर्ने: (१) यस ऐनअनुसार सरकारी कामकाजको भाषा प्रयोग गर्ने सरकारी निकाय, सार्वजनिक तथा नीति सङ्घसंस्थाले भाषा आयोग, संवैधानिक निकायलगायतले सरकारी कामकाजमा भाषा प्रयोगसम्बन्धी प्रगति प्रतिवेदन उपलब्ध गराउनु पर्नेछ ।

(२) उपदफा (१) अनुसारको प्रगति प्रतिवेदन सार्वजनिक गर्नु पर्नेछ ।

२५. सरकारी कामकाजको भाषा प्रयोगबारे जानकारी: सरकारी, सरकारी निकाय, सार्वजनिक र निजी संस्थालगायतका कार्यालयहरूले यस ऐनअनुसारको सरकारी कामकाजमा भाषाको प्रयोगबारे सेवाग्राहीले देख्ने र बुझ्ने गरी कार्यालय परिसरमा सार्वजनिक सूचना वा जानकारी बोर्ड राख्नु पर्नेछ ।

२६. नियम बनाउने अधिकार: यस ऐनको कार्यान्वयनको लागि स्थानीय सरकारले आवश्यक नियम, निर्देशिका, कार्यविधि बनाई लागू गर्न सक्नेछ ।

अनुसूची-१

भाषा आयोगबाट सिफारिस गरिएका प्रदेश सरकारी कामकाजका भाषाहरू

प्रदेश	सरकारी कामकाजको भाषा	निश्चित कार्य र क्षेत्रमा सरकारी कामकाजको भाषा
प्रदेश नं.१	१.मैथिली २. लिम्बू	१.थारू २.तामाङ ३.मगर ४.बान्तावा ५.उर्दू ६. राजवंशी ७.राई ८.नेवार (नेपाल भाषा) ९. चाम्लिङ ९. शेर्पा १०. सन्थाली
मधेश प्रदेश	१.मैथिली २. भोजपुरी ३.वज्जिका	१.उर्दू २.थारू ३. तामाङ
वागमती प्रदेश	१.तामाङ २. नेवार (नेपाल भाषा)	१.मगर २.थारू ३. मैथिली ४. तमाङ ५. चेपाङ ६. दनुवार
गण्डकी प्रदेश	१.मगर २.गुरूङ ३. भोजपुरी	१.थारू २. नेवार (नेपाल भाषा) ३. तामाङ
लुम्बिनी प्रदेश	१.थारू २. अवधी	१.भोजपुरी २.उर्दू ३.मगर ४. मैथिली
कर्नाली प्रदेश	१.मगर	
सुदूर पश्चिम प्रदेश	१.डोट्याली २. थारू	१.बैतडेली २. अछामी ३. बझाङी

Scanned with CamScanner

आ.व. २०७९।८० को लेखा समितिको प्रतिवेदन २०७८/७९ को मलेप प्रतिवेदन समेत

नेपालको संविधान बमोजिम स्थानीय तहको अधिकार सम्बन्धी व्यवस्था कार्यान्वयन गर्न तथा संघ, प्रदेश र स्थानीय तहबिचको सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रवर्द्धन गर्दै जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी सुलभ, गुणस्तरीय सेवा प्रदान गर्दै लोकतन्त्रका लाभहरुको समानुपातिक, समावेशी र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तहदेखि नै सुदृढीकरण गर्न र स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकार स्थापना भएको हो ।

लेखा समिति स्थानीय तहको महत्वपूर्ण एक विषयगत समिति हो नगरपालिकाको कोषको खर्च नगरसभाले चाहे बमोजिम होस् भनी त्यसको सुनिश्चितता गर्नु र कोषको प्रभावकारी मितव्ययी ढंगबाट खर्च भए/नभएको जाँचपड्ताल गर्नु लेखा समितिको प्रमुख कार्य हो । स्थानीय सरकार सञ्चालन ऐन २०७४ को परिच्छेद ५ को दफा २२ बमोजिम रासी नगरपालिकामा एक जना संयोजक सहित ३ सदस्यीय लेखा समितिको गठन गर्नु पर्ने कानूनी व्यवस्था छ । २०७८/०७९ को नगर सभाले समितिको संयोजक तथा सदस्यको चयन पश्चात रासी नगरपालिकाको लेखा समितिले पुर्णता पाएको थियो र हामीले लेखा समितिको कार्यसम्पादन कार्यविधि, संविधान तथा स्थानीय सरकार सञ्चालन ऐनको मर्म अनुसार हामीले पूर्ण ढंगले लेखा समितिलाई चलायमान बनाउनु पर्दछ । स्थानीय तहको कार्यप्रणालीमा सुधार र वित्तीय सुशासन कायम गर्ने अस्त्र आन्तरिक नियन्त्रण र लेखापरीक्षण हो । दुवैको एउटै मन्त्र पारदर्शिता कायम गरी सुशासन अभिवृद्धि गर्नु नै हो । हामीले यस नगरपालिकामा वित्तीय कारोबारलाई खुलस्त बनाई उपलब्ध स्रोतको मितव्ययी, प्रभावकारीता, कार्यदक्षता पूर्वक उपयोगमा जोड दिनु पर्दछ । स्थानीय तहको सेवा प्रवाह, लागत, लाभ समय र प्रभाव, वित्तीय कारोबार, आर्थिक विवरणको विश्वनियता र यथार्थता र स्रोत साधनको उच्चतम प्रयोगको अवस्था मूल्याङ्कन गर्न आन्तरिक नियन्त्रण र लेखापरीक्षण र लेखा समितिको प्रतिवेदनलाई आधार लिइन्छ ।

रासी नगरपालिकाले आ.व.२०७९/०८० मा कुल चालु तर्फ र पुँजिगत तर्फ गरी ७९।४५ प्रतिशत खर्च भएको छ । जसमा चालु तर्फ रु.८३।८७ प्रतिशत र पुँजिगत तर्फ रु.७२।१४ प्रतिशत खर्च भएको वित्तिय विवरण अनुसार देखिन्छ । नगरपालिकाको आर्थिक प्रशासन शाखामा अझै पनि ७ करोड बराबरको अन्तिम भुक्तानीको फाइल देखिन्छ ।समयमै हामीले कार्य सम्पन्न नगर्ने आर्थिक बर्षको अन्त्यमा हुने कामको चाप, कानूनी रुपमै आर्थिक बर्ष सकिनु भन्दा एक हप्ता अगाडी सरकारी खाता बन्द हुने कानूनी व्यवस्थाले हाम्रो खर्च प्रतिशत बढ्न सकेको छैन नगरपालिकाले यस विषयमा विशेष ध्यानदिइ अवका दिनमा समयमै बजेट खर्च हुने व्यवस्था मिलाउनु पर्दछ ।

Scanned with CamScanner

<u>अध्यक्ष महोदय, प्रमुख अतिथिज्यू, अतिथिज्यू तथा माननीय सदस्यज्यूहरु,</u>

अब म रासी नगरपालिकाको आ.व. २०७९।०८० कार्य प्रगती तथा बैठकका निर्णय प्रस्तुत गर्न चाहान्छु ।

- हामीले आर्थिक बर्ष २०७९/०८० मा ११ वटा लेखा समिति को बैठक बस्यौं ।जसमा विगतमा भएका मलेप प्रतिवेदन सम्वन्धी सुझाव को समिक्षा, सार्वजनिक खरिदको अवस्था र खरिद प्रकृयामा गरिनुपर्ने सुधार, आन्तरिक राजश्व व्यवस्थापनमा नगरपालिका तथा वडा कार्यालयहरुलाइ पत्राचार गर्न सुझाव, प्रशासनिक कर्मचारी व्यवस्थापन, आन्तरिक नियन्त्रण ,इन्धन, मर्मत, विविध खर्च कटौतिमा सुझाव, नगरपालिकाले विकास निर्माणमा प्रयोग हुने ब्याक हो लोडर संचालन कार्यविधि बनाउनु पर्ने वडा तथा नगरपालिकाले उपलब्ध गराउने आर्थिक सहायता, विपद व्यवस्थान, योजना संशोधन तथा रकमान्तर, पत्रपत्रिका तथा सुचना, खरिद इकाइ, दैनिक ज्यालादारी कर्मचारी, वडागत तथा शाखागत जिन्सी व्यवस्थापन , कर्मचारी हाजिरी विवरण, अनुदान दिदा अपनाउने कार्यविधि, विषयगत शाखाको मासिक रिपोट सम्वन्धमा, बजेट निर्माणमा एकरुपता कायम गर्ने सम्वन्धमा, वितरणमुखि खर्च नियन्त्रण सम्वन्धमा, खेलकुद रकम निकासा सम्वन्धमा, दहत्तर बहत्तर ढुंगा गिट्टी बालुवा संकलन लगायत विविध विषयमा बैठक बसी सोको व्यवस्थापनका लागि प्रमुख प्रशासकीय अधिकृतलाइ सुझाव दिएको थियौं ।
- हामीले हाम्रो रासी नगरपालिकामा वित्तिय अनुशासन कायम गर्दै हामीले गरेका कामहरु पारदर्शि हुनु पर्दछ । नगरपालिकाबाट तथा वडा कार्यालयबाट हुने विभिन्न खरिद सोझै हुने गरेको छ किन हो ? नगरपालिकामा अनावश्यक खरिद किन हुन्छ ? जस्तै नगरपालिकाले हालै राखेको डिस्प्ले बोर्ड, बेमौसमी समयमा फलफुल विरुवा वितरण, विभिन्न बृत्त चित्र निर्माण, आवश्यकता आंकलन नगरी सि.सि क्यामेरा जडान, वडा वडामा दोहोरो पना हुने गरी वितरणमुखि कार्यक्रम जस्तै ह्युम पाइप वित्तरण, जस्ता वितरण, स्प्रे पम्प वितरण, स्यालो ट्युवेल, स्यालो बोरिङ वितरण, वडा तथा नगरमा हुने आर्थिक सहायता वितरण, खेलकुद सहायता, कृषि अनुदान सम्वन्धी कार्यक्रम किन हामीले व्यवस्थित बनाउन सकेका छैनौं ? यसको समिक्षा हामीले कहिले गर्ने । हरेक वडाको एउटै सामानको गुणस्तरमा समेत मुल्य किन फरक फरक रहेको छ ? यसको समस्या समाधान तर्फ नगरपालिकाले विशेष ध्यान दिनु पर्दछ ।
- यस आर्थिक बर्षमा रासी नगरपालिका वडा नं. १२, नगरपालिकका कार्यालय तथा विभिन्न विषयगत शाखाबाट समेत हुने कार्यक्रममा मौरी व्यवसायीहरुलाइ ठुलो खर्च भएको छ यसको गम्भिर समिक्षा हुनु पर्दछ । साथै अनुदानको रुपमा दिने बाख्रा वितरण, बैकल्पिक उर्जा सोलार सम्वन्धमा समेत नगरपालिकाले वितरणको समिक्षा गरी कार्ययोजना व्यवस्थित बनाउनु पर्दछ । मलेप को सुझाव अनुसार समुह तोकेर मापदण्ड विनै अनुदान वितरण गर्नु हुदैन । सो अनुसार बैज्ञानिक विधि अनुसार वितरणको व्यवस्था नगरपालिका तथा वडा कार्यालयले बनाउनु पर्दछ ।
- रासी नगरपालिका, वडा कार्यालयमा हुने विभिन्न विकास योजना उपभोक्ता समिति बाट हुन नसक्ने कामको लागि ठेक्का मार्फत गर्नु पर्दछ । उपभोक्ता समिति बाट हुन नसक्ने कामको लागि उपभोक्ता समितिले ओगट्ने र ठेक्कामा दिने व्यवस्था नियन्त्रण गर्नु पर्दछ ।

Scanned with CamScanner

- नगरपालिकाले आन्तरिक राजश्व बृद्धिमा ध्यान दिन सक्नु पर्दछ । राजस्व स्थानीय तहको महत्वपुर्ण आधार हो । करको दायरा बढाउदै नगरपालिकाको विकासमा ध्यान दिन सक्नु पर्दछ । नगरपालिकाको राजश्व परामर्श समिति लाइ कृयाशिल बनाउदै कर अभियान संचालन गरी आन्तरिक राजश्व बृद्धि गरे मात्र हामीले तय गरेका विकास योजना समयमै गर्न सकिन्छ यसर्थ यसमा नगरपालिकाले आगामी आ.व मा राजश्व बृद्धिको सुधारको अपेक्षा लिएको छु ।
- रकमान्तर गर्ने अधिकार कार्यपालिकालाइ र नगरसभालाइ मात्र छ हामी वडागत बैठक बाट हुने रकमान्तर लाइ निषेध गर्नु पर्दछ । साथै कुनै पनि योजनामा छुट्टाएको मौज्दात रकम सो योजनाबाट बचेमा रकमान्तर गर्न नपाउने गरी व्यवस्थापन गर्नु पर्दछ । बजेट शिर्षक अनुसार खर्च खर्नु पर्दछ । खर्चको शिर्षक बर्गिकरण नमिलाइ खर्च गर्नु हुदैन भन्ने मलेको सुझाव लाइ कार्यन्वयमा जोड दिनु पर्ने देखिन्छ ।
- आर्थिक सहायता सम्वन्धी कार्यविधि नगरले निर्माण गरेको छ । तर आर्थिक कार्यविधि अनुसार सहायता उपलब्ध गराइएको देखिएन । कार्यविधि अनुसार प्रमुख प्रशासकीय अधिकृतले रु.२५०० उप प्रमुखले रु.३००० र नगर प्रमुखले रु.५००० सम्म दिन सक्ने देखिन्छ । सो अनुसार वडा कार्यालय तथा नगरपालिकामा आर्थिक सहायता वितरण भएको छैन कानून अनुसार व्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- नगरपालिमामा यस बर्ष इन्धनमा धेरै रकम खर्च भएको छ । प्रमुख, उपप्रमुख , प्रमुख प्रशासकीय अधिकृत तथा इन्धन पाउने कर्मचारी को कानुन बनाएर इन्धन खर्च तथा मर्मत खर्च उलब्ध गराउनु पर्ने देखिन्छ । जेसिवी को इन्धन खर्च तथा मर्मत सम्वन्धमा कानून बनाएर खर्च उपलब्ध गराउनु पर्दछ ।
- विषयगत शाखा तथा वडा कार्यालयमा हुने संचालन खर्च जस्तै इन्धन, मर्मत, संचार खर्च मितव्यी हुनु सकेको छैन कार्यविधि बनाएर खर्च लेख्नु पर्ने देखिन्छ ।
- रास्री नगरपालिका कार्यालय, विषयगत शाखा तथा वडा कार्यालय हुने कार्यालय मसलन्ध खर्च, औषधि खरिद, फर्निचरजन्य सामाग्री अनुगमन गरेर प्रचलित दररेट अनुसार भए नभएको एकिन गरी अनुगमन पश्चात भुक्तानी हुने व्यवस्था मिलाउनु पर्ने देखिन्छ । यसले खरिद प्रकृयालाइ मितव्यी बनाउने देखिन्छ ।
- योजना अनुगमन गरेर मात्र भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ । कार्यालयमै बसेर गर्ने योजनाको अनुगमनले योजनाको बारेमा सहि अनुगमन हुँदैन । अनुगमन गरेर मात्र भुक्तानी दिने व्यवस्था मिलाउनु पर्दछ । कागजमा हुने अनुगमनको अन्त्य गर्नु पर्दछ ।
- विभिन्न वडा तथा नगरमा भएका खेलकुद कल्वहरुलाइ दर्ता नविकरणको आधारमा मात्र अनुदान सिफारिस गर्नु पर्दछ ।दोस्रो पुरस्कार नगरपालिकाबाट हुने कार्यविधिमा भए अनुसार यसको आधार तय भएको छैन । नगरपालिकाबाट खेलकुद को लागि हुने भुक्तानी व्यक्तिको नाममा नजानेगरी सम्वन्धीत कल्व तथा सस्थाको को नाममा जाने गरी कार्यविधि व्यवस्थित गर्नु पर्दछ । नगर खेलकुद समितिलाइ पुर्णता दिनुपर्ने देखिन्छ ।

Scanned with CamScanner

- विभिन्न मेलमिलाप समितिलाइ वडा तथा नगर बाट सुविधा उपलब्ध गराउदा कार्यविधि अनुसार हुने गरी मात्रै उपलब्ध गराउनु पर्दछ ।।
- विभिन्न सामाग्री खरिद, सेवा तथा परामर्श खरिद न.पा , विषयगत शाखा तथा वडामा हुने कार्यक्रम हरुको कार्यदेश दिएर सार्वजनिक सुचनाको माध्यम बाट खरिद प्रकृया व्यवस्थित बनाउनु पर्ने देखिन्छ ।
- जनप्रतिनिधिले बागमती प्रदेश सरकारले उपलब्ध गराएको सुविधा अनुसार मासिक सुविधा लिदै आएकोमा दोहोरो सुविधा हुने गरी संचार, इन्धन, सवारी साधन लगाएत दोहोरो पर्ने गरी लिन नपाउने व्यवस्था छ । प्रदेश कानुन विपरित सेवा सुविधा लिएकोमा मासिक सेवा सुविधा भुक्तानी गर्दा कट्टा गरेर भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।
- सुचना तथा विज्ञापन खर्चमा नगरपालिकाले वडा कार्यालयले मितव्यीता अपनाएको छैन । नगरपालिकाले टेण्डर गरी १ देखि १३ वडा, विषयगत शाखामा हुने विज्ञापन सवैको एकमुष्ट लागत अनुमान गरी विज्ञापन तथा सुचना खर्चमा खर्च हुने व्यवस्था मिलाउनु पर्दछ । विविन्न जिल्ला तथा संस्था बाट आउने विज्ञापन खर्च दावी गर्ने कार्यको कार्यालयबाट भुक्तानी गर्नु हुदैन । नगरपालिकाबाट स्पष्ट कार्यदेश दिएर नगरपालिकाको आवश्यकता तथा अति जरुरी कार्य भएमा स्वीकृत दररेट र सुचना सम्वन्धी कार्यविधि अनुसार भुक्तानी हुने व्यवस्था मिलाउनु पर्दछ ।कार्यालयले अति जरुरी टेण्डर सम्वन्धी सुचना बाहेक सुभकामना लगाएत विज्ञापनमा खर्च गर्नु हुदैन ।
- रासी नगरपालिका तथा वडा कार्यालयहरुमा नागरिक वडापत्र राखिएको देखिएन । रासी नगरपालिकाको सबै वडा कार्यालय तथा विषयगत शाखामा हुने सेवा प्रवाह अनुसार नागरिक बडापत्र अनिवार्य राख्नु पर्ने देखिन्छ ।
- मासिक रुपमा प्रत्येक वडाले दर्ता चलानी अनुसारको रसिद भए नभएको अनुगमन गर्नुपर्ने साथै राजश्व शाखा एकिन गरी चलानी अनुसार रसिद नभएमा सम्वन्धीत कर्मचारीबाट दोब्बर राजश्व असुल गरी विभागिय कारबाही गर्ने संयन्त्र कार्यालयले विकास गर्नु पर्दछ ।
- नगर क्षेत्र भित्रका सवै व्यवसाय हरुको दर्ता तथा नविकरण गर्ने, विज्ञापन कर देखि विभिन्न व्यवसायी करहरुलाइ सरलिकृत गर्दै राजश्व फाँटलाइ नगरपालिकाले व्यवस्थित अभिलेख राखी राजश्व संकलन गर्दै बजार ब्यवस्थापन गर्नु पर्ने देखिन्छ ।
- लेखा समिति नगरपालिकाको एक महत्वपुर्ण विषयगत समिति हो कार्यपालिकामा हुने बैठकमा हाल सम्म लेखा समितिलाइ ध्यान दिएको देखिदैन साथै लेखा समितिलाइ काम गर्ने वातावरण समेत निर्माण भएको छैन । कार्यापालिका बैठकमा समय समय मा लेखा समितिको उपस्थिति हुने गरि कार्य गर्नु पर्दछ कार्यपालिका मा लेखा सिमितिले गरेका निर्णय अरु कार्यान्वयन गर्दै जानु पर्ने देखिन्छ ।

नगरपालिकाले गरेका मुख्य क्रियाकलाप

१. नगर विकासका लागि वार्षिक, आवधिक तथा विषयगत योजना तर्जुमा,

२. स्थानीय सरकार सञ्चालनका लागि आवश्यक कानून तथा मापदण्ड निर्माण,

Scanned with CamScanner

३. नगर सभाबाट पारित वार्षिक कार्यक्रम सञ्चालन तथा कार्यान्वयन,

४. संघीय सरकार र प्रदेश सरकारबाट हस्तान्तरित योजना तथा कार्यक्रम सञ्चालन,

५. स्थानीय सरकार सञ्चालन ऐन बमोजिम स्थानीय सरकारले सञ्चालन गर्नुपर्ने कार्यहरु सञ्चालन,

कार्यालयको बेरुजु फछ्यौंटतथा संपरीक्षणको अवस्था

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ८४ ले बेरुजु फछ्यौंट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४ (२) मा बेरुजु फछ्यौंट गर्ने गराउने कर्तव्य प्रमुख प्रशासकीय अधिकृत हुने व्यवस्था छ । नगरपालिकाले बेरुजु अद्यावधिक गरी नियमानुसार बेरुजु फछ्यौंट गर्नुपर्दछ। नगरपालिकामा ऐनले व्यवस्था गरे बमोजिम बेरुजु फछ्यौंट समिति गठन गरी वित्तीय अनुशासन कायम राख्ने सन्दर्भमा लेखा परीक्षण अंकको १ प्रतिशतभन्दा बढी बेरुजू हुन नदिने गरी कार्य गर्ने व्यवस्था मिलाउनुपर्छ । बेरुजु बढ्नाले नगरपालिकाको खर्च प्रणालीमा वित्तीय अनुशासन कमजोर भई उच्च स्तरको वित्तीय जोखिम दर्शाउँछ । बर्षेनी बेरुजु बढ्नाले संगठनात्मक प्रभावकारिता दृष्टिले र आर्थिक अनुशासनको दृष्टिले पनि उपयुक्त अवस्था हैन । बेरुजु बढ्दा राप्ती नगरपालिकाको श्रोत परिचालनमा दक्षताको कमीका साथै विधिको पालना नहुने अवस्था समेत देखाउँछ । प्रस्तुत परिप्रेक्षमा यस नगरपालिका सरोकारवाला सबैले कानूनको पालना र विधिको शासनमा अक्षरस पालना गरी बेरुजु न्यूनीकरणमा ध्यान दिनुपर्ने देखिन्छ । बेरुजु भनेको अंकमा उल्लेख भएको रकम मात्र हैन सैध्दान्तीक रुपमा लेखिएका अक्षर पनि बेरुजु हो जसले हामीले गरेका हरेक कृयाकलाप र वित्तिय अनुशासनको मापन गर्दछ । हामीलाई चाहिने कानूनको निर्माण कानून अनुसार बेरुजु फछ्र्योट गठन गरी कानून विधि र प्रकृयालाइ हामी सबैले पालना गरी वित्तिय अनुशासन कायम गर्दै कानून सम्मत कार्यगरी अगाडी बढ्नु पर्दछ ।

संघ र प्रदेशबाट प्राप्त विशेष तथा समपुरक अनुदान - महालेखा परीक्षकको कार्यालय तथा समपुरक र बिशेष अनुदान बाट प्राप्त रकमको कार्यान्वयन निर्देशिका अनुसार उक्त शिर्षकमा प्राप्त रकम बाट योजना संचालन गर्दा उपभोक्ता समिति बाट गर्न नहुने ब्यवस्था रहेको छ । साथै नगरपालिका प्राप्त समपुरक अनुदान बाट प्राप्त रकमको नगरपालिकाले अनिबार्य रुपमा पचास प्रतिशत योगदान गरी कार्यक्रम संचालनको व्यवस्था मिलाउनु पर्दछ । हाम्रो नगरपालिका बाट संचालित हरेक कार्यक्रम स्थानीय तह वित्तिय सुशासन जोखिम मूल्यांकन कार्यविधि अनुसार मापन हुने हुँदा उक्त सुचक पुरा गरी बित्तीय सुशासन कायम गर्नु पर्दछ ।

अवण्डा बजेटः स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय आर्थिक अवस्थाको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरण आधार तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारणका आधार तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारणका आधारमा अवण्डा नराखी आय – व्यय अनुमान पेश गर्नु पर्ने व्यवस्था छ । राप्ती नगरपालिका तथा वडा कार्यालयले अवण्डा राखि बजेट विनियोजनले कानुनमा भएको व्यवस्थाको पालना भएको छैन । कानून परिपालना गर्नु पर्दछ ।

Scanned with CamScanner

आन्तरिक नियन्त्रण प्रणालीः स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली कार्यान्वयनमा विशेष ध्यान दिनु पर्दछ । यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपसिल वमोजिम रहेका छन ।

- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नु पर्दछ ।
- नगरपालिकाले एक आर्थिक वर्षको अन्त्य भित्र भएको आफ्नो आर्थिक कारोवारको अनुसुची १४ वमोजिम ढाँचामा वार्षिक प्रतिवेदन तयार गर्नु पर्दछ ।
- नगरपालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन । साथै नगरपालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति तयार विवरण राख्नु पर्दछ ।
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिमको मध्यकालीन खर्च संरचना तयार गर्नु पर्दछ ।
- नगरपालिकाले जिन्सी सामानको एकीकृत विवरण तथा सहायक जिन्सी खाता अध्यावधिक नगरी वडा कार्यालय तथा विभिन्न संघ संस्थालाई वितरण गर्नु हुदैन ।
- वडा कार्यालयमा रहेका जिन्सी सामान सहितको अभिलेख देखिने गरी नगरपालिकाको मूल जिन्सी खाता अध्यावधिक गरेको राख्नु पर्दछ ।
- जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्ने सामानको मर्मत तथा लिलाम गर्नु पर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै नगरपालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य, ज्याला, भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्दछ
- सञ्चालित योजनाको सूचनापाटीमा आय-व्यय, अपेक्षित र वास्तविक लाभका साथैउपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवालासहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु पर्दछ ।
- वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गर्नु पर्दछ ।
- सार्वजनिक खरिद नियमावली २०६४ को नियम १९ (१) अनुसार सार्वजनिक निकायले बीस हजारभन्दा माथिको मालसामान खरिद गर्दा वा निर्माण कार्य गराउँदा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नं. र मूल्य अभिवृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्त, फर्म, संस्था वा कम्पनीबाट मात्र खरिद गर्नुपर्ने व्यवस्था रहेकोमा कार्यालयले उपभोक्ता समितिमार्फत् गराउँदा सो अनुसार गर्नु पर्दछ ।
- नगरपालिका अन्तर्गत रहेको सबै वडा कार्यालय, विषयगत शाखा तथा नगरपालिकाबाट नै तलब भत्ता खाने कर्मचारीहरुको अनिवार्य रुपमा मासिक हाजिरी विवरण प्रमुख प्रशासकीय अधिकृतलाई प्रमाणित गराई प्रशासन शाखामा राख्नुपर्दछ । वडा कार्यालय तथा विषयगत शाखाको समय समयमा अनुगमन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

Scanned with CamScanner

- सार्वजनिक खरिद नियमावली बमोजिम कार्यालयले वार्षिक खरिद योजना तयार गरी खरिद कारवाही सञ्चालन, म.ले.प.ले दिएका सुझावहरुको कार्यान्वयनको पालना, कार्यालयमा खरिद नियमानुसार खरिद कार्य, खरिद गर्दा एउटै प्रकृतिको खरिदलाई प्याकैजमा खरिद गर्नु पर्दछ । अब वार्षिक खरिद योजना निर्माण गरी नगरपालिकाबाट नै एकीकृत खरिद प्रक्रियालाई अबलम्बन गर्नुपर्ने देखिन्छ ।
- सवारी साधन मर्मत तथा इन्धन सुविधा लिने पदाधिकारी तथा कर्मचारीले के-कति मर्मत खर्च तथा इन्धन सुविधा पाउने हो सो सम्बन्धमा स्पष्ट नियम नभएकोले नियम बनाई इन्धन तथा मर्मत खर्च दिने व्यवस्था मिलाउनुपर्छ ।
- सञ्चार सुविधाः नगरपालिका कार्यालय, विषयगत शाखा र वडा कार्यालय समेतमा कार्यालयले सञ्चार खर्च उपलब्ध गराएकोले कार्यालयले के कति सञ्चार सुविधा पाउने हो सो नियम बनाई सोही अनुसार सञ्चार खर्च उपलब्ध गराउनुपर्ने देखिन्छ ।
- खाजा तथा खाना खर्च सम्वन्धमा मितव्यीता अपनाउनु पर्दछ ।
- माथि उल्लेख गरिएका विविध विषयहरु महालेखा परीक्षक कार्यालयको सुझावलाई नगरपालिकाले कार्यान्वयन गर्नुपर्छ जसबाट नगरपालिकाको कार्य व्यवस्थित, मितव्ययी, प्रभावकारी एवम् विश्वसनीय बनाई सार्वजनिक सेवा प्रवाह सुदृढ बनाउनेतर्फ ध्यान दिनुपर्नेछ ।

योजना छनौट र संचालनः स्थानीय सरकार संचालन ऐन २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितामूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरी प्राथमिकिकरण गर्नुपर्ने व्यवस्था छ । साथै योजना बनाउँदा मध्यम तथा दिर्घकालीन प्रकृतीका आयोजनाहरुको सूची समेत तयार गरी कार्यान्वयनमा ल्याउनु पर्दछ । नगरपालिकाले छनौट गरेको योजना मध्ये अधिकाशं योजना कम लागतका रहेको देखिएको छ । नगरपालिकाले साना तथा टुक्रे योजना संचालन गरेकोले ऐनको दफा २४ अनुसार प्राथमिकिकरण गरेको पाइएन । नगरपालिकाले मध्यम तथा दिर्धकालिन योजना छनौट तथा प्राथमिकिकरण गरी सहभागितामूलक, उत्पादनमूलक, दीगो र प्रतिफल प्राप्त गर्ने गरी योजना संचालन हुनु पर्दछ ।

कर्मचारी करारः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ मा स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि तथा सेवा करारबाट लिईने कर्मचारीको दरबन्दी प्रस्ताव गर्नुपर्ने र अस्थायी दरबन्दी सृजना गर्न नसकिने व्यवस्था छ । कानूनको पालना गरी कर्मचारी करारमा राख्ने व्यवस्था मिलाउनु पर्दछ ।

कार्यक्रम परिवर्तन – स्थानीय सरकार सञ्चालन ऐन, २०७४को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सिमा र शिर्षक बाहिर खर्च गर्न नपाउने उल्लेख छ । सोही अनुसार कार्यक्रम तय गर्नु पर्दछ । महालेखाको प्रतिवेदनले यस नगरपालिकामा कार्यक्रम परीवर्तन गरी खर्च नगर्न तथा कानूनको परिधि भन्दा बाहिर गएर रकमान्तर नगर्न सुझाव दिएको छ । नगर सभाबाट स्वीकृत कार्यक्रम अनुसार हामीले कार्यक्रम संचालन गर्नु पर्दछ । अवका दिनमा हामिले कार्यक्रम परीवर्तन तथा रकमान्तर गर्न नपर्ने गरी कार्यक्रम तथा योजना संचालन गर्नु राम्रो हुन्छ ।

Scanned with CamScanner

जिन्सी व्यवस्थापन - नगरपालिकाले आर्थिक कार्यविधि ऐन तथा नियमावली छुट्टै तयार गरी लागू गरेको छैन । प्रदेश आर्थिक कार्यविधि, नियमावली, २०६४ को परिच्छेद-६ मा सरकारी सम्पत्तिको जिम्मा त्यसको लगत संरक्षण र बरबुझारथ सम्बन्धी व्यवस्था र परिच्छेद-९ मा लिलाम बिक्री सम्बन्धी व्यवस्था रहेको छ । नगरपालिकाले जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेकोमा निरीक्षण प्रतिवेदनमा उल्लेख भएका लिलाम गर्नुपर्ने, मिन्हा गर्नुपर्ने, मर्मत गर्नुपर्ने जिन्सी फरफारक गरी मात्र रमाना दिने समानको बर्गिकरण बैज्ञानिक बनाउने लगायतका सुझावहरु कार्यान्वयन गरी जिन्सी व्यवस्थापन प्रभावकारी बनाउनु पर्दछ । साविक गा.वि स मा रहेका सामाग्री नगरपालिका तथा वडा कार्यालयमा भएका जिन्सी सामाग्रीको नगरपालिका कार्यालयले एकिकृत जिन्सी राखी बार्षिक खरिद योजना बनाई नगरपालिका तथा वडा कार्यालयमा चाहिने सामाग्री सार्वजनिक खरिदको परिधि भित्र नगरपालिकाले एकिकृत खरिद गरी वडा कार्यालयहरुलाइ हस्तान्तरण गर्ने व्यवस्था गर्नु भन्ने महालेखाको सुझाव लाइ हामिले कार्यान्वयन गर्नु पर्दछ । सोझै खरिद बाट कानूनको पालना नहुने हुँदा बार्षिक खरिद योजना बनाई नगरसभामा स्वीकृत गरी खरिद कार्य संचालन गर्नु पर्दछ ।

शोधभर्ना - नगरपालिकाले कार्यालयबाट संचालन हुने कामका लागि पदाधिकारीलाई पेश्की दिने, सोधभर्ना दिने गरेको पाइयो । कार्यालयको काममा पदाधिकारीले पेश्की लिने, खर्च गरी सोधभर्ना लिनु उपयुक्त देखिएन । नितिगत निर्णय र सेवा प्रवाहको लागि निर्देशन गर्ने काममा संलग्न हुनुपर्नेमा पदाधिकारी यस्ता कार्यमा संलग्न हुनु उपयुक्त देखिएन । यस्तो कार्य नियन्त्रण हुनु जरुरी छ ।

राजश्व परामर्श समिति - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६५ मा राजश्व परामर्श को लागि एक स्थानीय राजश्व परामर्श समिति सम्वन्धी व्यवस्था रहेको छ । उक्त समितिको काम कर्तव्य तथा अधिकार अन्तर्गत राजश्व सम्वन्धि आवस्यक कानूनको तर्जुमा संशोधन परिमार्जन र सो को परिपालनाका सम्वन्धमा आवस्यक परामर्श दिने राजश्वको स्रोत दायरा तथा दर समेतक विश्लेषण गरी आगामी आर्थिक वर्षमा प्राप्त हुन सक्ने राजश्वको बिश्लेषण गरी सो सम्वन्धमा अनुमान गरी राजश्वका दर र क्षेत्र लगायतका कार्यहरु तोकिएको छ । नगरपालिकाको राजश्व परामर्श समितिलाई थप कृयाशिल बनाई आन्तरिक आय बढाउनु पर्ने देखिन्छ ।

राजश्व दाखिला - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ९.३ मा दैनिक १० हजार रुपैयासम्मको नगदै बुझिलिई त्यस्तो राजस्व रकम दैनिक रुपमा राजस्व खातामा जम्मा गर्नुपर्नेछ र नगद राजस्व आम्दानी बैङ्क दाखिला विवरणमा प्रविष्ट गर्नु पर्दछ । दैनिक रुपमा बैङ्क दाखिला गर्न नसकिने भएमा कार्यालय प्रमुखले कारण उल्लेख गरी सात दिनभित्र नै त्यस्तो नगद बैङ्क दाखिला गर्नु पर्नेछ भन्ने व्यवस्था गरेको छ । नगरपालिका मातहतका वडा कार्यालयले संकलन गरेको राजस्व नियमानुसार समयमै दाखिला गरेको पाइनएन । अतः नियमानुसार समयमै राजस्व संकलन गर्नुपर्दछ । साथै वडा कार्यालयबाट प्रशासनिक सेवा उपलव्ध गराए वापत लाग्ने कर शुल्क दस्तुर नगर सभाले स्वीकृत गरेको दर अनुसार असुल गरी पारदर्शि हिसावले अभिलेख राख्नुपर्दछ ।

जटिल संरचना निर्माण - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । नगरपालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चरसहितका कल्भर्ट निर्माण, सडक पिच लगायतका जटिल

Scanned with CamScanner

प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्यसमेत उपभोक्ता समितिहरुमार्फत गराउने गरेको देखियो । यस्ता कार्य व्यवसायिक र अनुभवी निर्माण व्यवसायी फर्मबाट बोलपत्र प्रतिस्पर्धामार्फत गराउन उपयुक्त हुने देखिन्छ ।

वितरणमुखी कार्यक्रममा खर्च - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७६ बमोजिम वितरणमुखि कार्यक्रमलाई निन्यन्त्रण गरी आयव्यय सम्वन्धी कारोबारको लेखा जिम्मेवारीपूर्वक राख्नुपर्ने व्यवस्था छ । नगरपालिकाले उक्त कार्य नगरी बितरणमुखी कार्यलाई बढवा दिएको छ । उक्त कार्यमा नियन्त्रण हुनुपर्दछ ।

प्यान बिलबाट खरिद गरेको - सार्वनजनिक खरिद नियमावली २०६४ को नियम १९ मा सार्वनजनिक निकायले कुनै खरिद कार्य गर्दा आन्तरिक राजश्व कार्यालयबाट स्थायी लेखा नम्वर र मूल्य अभिबृद्धि कर दर्ता प्रमाणपत्र प्राप्त गरेका व्यक्ति फर्म संस्था वा कम्पनीबाट खरिद गर्नुपर्ने उल्लेख छ । नगरपालिकाले विभिन्न सामानको खरिद कार्य गर्दा मू.अ. करमा दर्ता नभएका पक्ष सँग खरिद गरेको देखियो । अत नियमानुसार मू.अ. कर दर्ता भएका पक्षसँग खरिद कार्य गर्नुपर्दछ ।

खरिद इकाई - आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ३७ मा सार्वजनिक निकायले अधिकार प्राप्त अधिकारी बाहेक अरु कसैले पति खर्च गर्ने आदेश दिन नमिल्ने व्यवस्था गरेको छ । नगरपालिकाले निम्नानुसारको कृषि कार्यक्रम सचालन गर्नको लागि सम्वन्धित शाखा प्रमुखले खरिद गर्ने कार्यमा आदेश दिनुको साथै सम्पूण जिन्सी दाखिला तथा हस्तान्तरण फारम समेत सम्वन्धित शाखाले नै तयार गर्ने देखियो । जसको कारण कति सामान खरिद भयो कति सामान हस्तान्तरण भयो त्यसको एकिन गर्न सकिएन । अत नियमानुसार कार्यालयबाट एकिकृत रुपमा खरिद इकाई मार्फत खरिद प्रकृया पारदर्शि रुपमा गरिनुपर्दछ ।

परामर्श सेवा - सार्वजनिक खरिद नियमावली, नियम १२ मा सार्वजनिक निकायमा कार्यरत जनशक्तिबाट नभ्याउने र बढी दक्षता आवश्यक पर्ने कार्य अनुसार परामर्श सेवाको लागत अनुमान तयार गरी प्रतिस्पर्धाको माध्यमले खरिद गर्नुपर्ने व्यवस्था छ । नगरपालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्धकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत एकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गर्नु पर्दछ ।

महालेखा परीक्षक कार्यालयको प्रतिवेदन - आ.व २०७८/०७९ को रासी नगरपालिकाको लेखा परीक्षण गरी महालेखा परीक्षक कार्यालयबाट अन्तिम प्रतिवेदन प्राप्त भएको छ । सो प्रतिवेदनमा उल्लेख भएका विषय हरुका सम्वन्धमा लेखा समितिमा समेत छलफल गरी बेरुजु फछ्र्योटमा भएको पत्राचार अनुसार देहाय अनुसार प्रमाण पेश भएको छ ।

- रासी न.पा वडा नं. २ मेलमिलाप समितिको कार्यविधिवेगर भएको बेरुजु रु. ४९,०००/- समितिका संयोजक श्री तीलक बहादुर कार्कीले बैंक दाखिला गरी प्रमाण पेश ।
- वडा नं. ८ को मेलमिलाप समिति बेरुजु कार्यविधि बेगर भुक्तानी रु. १८३१५ बैक दाखिला गरी प्रमाण पेश राजन न्यौपाने कृष्ण कुमारी भाट समेत
- वडा नं. ३ मेलमिलाप समितिको अवलोकन भ्रमण बापत रु.२७२७५ पुष्पराज ओलीबाट बेरुजु दाखिला गरि प्रमाण पेश ।

Scanned with CamScanner

- रासी न.पा ८ बैठक भत्ता बापत भुक्तानी बढी रु.५९५० असुल गरी बैक दाखिलाको प्रमाण पेश ।
- पेरिसा कन्ट्रक्शन को बेरुजु रु.५५९० बैक दाखिला गरी प्रमाण पेश ।
- बुद्द शान्ति मा.वि रु.१६०१३४/- र कान्देश्वरी आ.वि रु.१०४९ शिक्षक तलव निकासा वेरुजु रु.१६११८३ बैंक दाखिला गरी प्रमाण पेश ।
- सामाजिक सुरक्षा तथा पञ्जिकरण सम्वन्धी तालिममा भएको बेरुजु रु.१६०७५/- बैक दाखिला गरी प्रमाण पेश ।
- उद्यम विकास कार्यक्रमको ब्युटि पार्लर तालिम संचालनमा भएको बेरुजु रकम समज थापा र पवित्रा पुरी रु.५८६५० बैंक दाखिला गरी प्रमाण पेश ।
- आ.व २०७७/०७८ को चाडपर्व खर्च बेरुजु विभिन्न कर्मचारीहरुको रु.४६६५१८/- यो बर्ष दाखिला भएको प्रमाण पेश भएको छ ।
- महिला तथा बालबालिका शाखा अजमाया दुरा संचालीत कार्यक्रमको रु.३७५००/- बेरुजु बैंक दाखिला गरी प्रमाण पेश भएको छ ।
- पाण्डे कन्ट्रक्सन बाट आय ठेक्कामा भएको बेरुजु रु.१२२६६६/- बैक दाखिला गरी प्रमाण पेश भएको छ ।
- माध्यामिक विद्यालय ब्रह्मनगर शिक्षक श्री सरिता देवकोटाको बढी तलव निकासा पचास हजार सात सय पन्ध्र बेरुजु दाखिला गरी प्रमाण पेश ।
- भण्डारा माध्यामिक विद्यालयको रु.४०००/- छात्रबृत्ति रकमको बेरुजु बैंक दाखिला गरी प्रमाण पेश
- राष्ट्रिय माध्यामिक विद्यालय पढहरिया छात्रबृत्ति सम्वन्धी बेरुजु रु.७९०० बैक दाखिला गरी प्रमाण पेश ।
- राष्ट्रिय माध्यामिक विद्यालय धमौरा छात्रबृत्ति सम्वन्धी रु.५६०० बेरुजु बैंक दाखिला गरी प्रमाण पेश ।
- राष्ट्रिय माध्यामिक विद्यालय सुरखण्डी छात्रबृत्ति सम्वन्धी बेरुजु रु ९५०० बैक दाखिला गरी प्रमाण पेश ।
- राष्टिय माध्यामिक विद्यालय किरनटार छात्रबृत्ति रकम बेरुजु रु.४११००, मात्रृ सहयोगको रु.२९०० बैक दाखिला गरी प्रमाण पेश ।

नगरपालिकाकाले कानूनमा भएको नियमको पालना गरि सैद्धान्तिक, नियमित तथा असुल उपर हुने बेरुजु आउने गरी कार्य गर्नु हुदैन ।

महालेखा परीक्षक कार्यालयले दिएको सुझाव, विभिन्न मौजुदा कानून, नगरपालिकाले निर्माण गरेको कानून तथा कार्यविधि , अख्तियार दुरुपयोग अनुसन्धान आयोगले दिएको सुझाव, अध्ययन गर्दै नगरपालिकाले लिएको लक्ष्य उद्देश्य प्राप्त गर्न सफलता मिलोस शुभकामना व्यक्त गर्न चाहन्छु । धन्यवाद

लेखा समिति संयोजक – श्री दिपक अधिकारी

सदस्य - श्री लोसन तामाङ

सदस्य - श्री ग्रेस तामाङ

Scanned with CamScanner

राप्ती नगरपालिकाको
न्यायिक समितिको प्रतिवेदन-२०७९

मितिः२०८०/०३/३०

सम्मानित १३औं नगरसभाका श्रद्धेय सभाध्यक्ष महोदय,

एवं उपस्थित सम्पुर्ण नगरसभा सदस्य ज्यूहरुमा नमस्कार,अभिवादन।

राप्ती नगरपालिकाको यस सम्मानित र गरिमामय तेह्रौं नगरसभामा न्यायिक समितिले आ.व.२०७९/०८० मा हाल सम्म गरेका काम कार्वाहीहरुको विवरण सहितको प्रतिवेदन प्रस्तुत गर्न पाउँदा मैले गौरवान्वित महशुस गरेको छु।

माननिय सभा सदस्य ज्यूहरु स्थानिय स्तरमा न्याय सम्पादन गर्ने उद्धेश्यले नेपालमा सामान्य अभ्यास प्राचिन कालदेखी नै रहेको भएता पनी नेपालको संविधान २०७२ ले स्थानिय तहलाई न्यायिक अधिकार संवैधानिक रुपमा नै प्रत्याभुति र संस्थागत गरेको छ। कानुन बमोजिम मुद्धा हेर्न स्थानिय स्तरमा न्याय निरुपन र विवाद समाधानका वैकल्पिक उपाय अवलम्बन गर्न सक्ने गरी नेपालको संविधान२०७२,भाग१७को धारा२१७ मा न्यायिक समिति सम्बन्धि व्यवस्था रहेको छ। सोही व्यवस्था अनुसार यस राप्ती नगरपालिकाको उप-प्रमुख म देवेन्द्र लामाको संयोजकत्वमा नगरसभाबाट अनुमोदित दुई जना सदस्यहरु श्री राम कुमार सुवेदी र ममिता कुँवर सहितको ३ सदस्यीय न्यायिक समिति गठन भई कार्यसम्पादन भइरहेको व्यहोरा यहाँहरुलाई अवगत नै छ।

संवैधानिक कानूनि व्यवस्था बमोजिम स्थानीय न्यायिक समितिले सर्वसाधरणको दैनिक जीवन सँग सरोकार हुने केही विवादहरु निर्णयको माध्यम बाट र केही विवादहरुमा मेलमिलापको माध्यम बाट समाधान गर्नु पर्ने हुन्छ। न्याय निरुपण सम्बन्धि कार्य विशिष्ठ प्रकृतिको कार्य हो। यसका आफ्नै आधारभूत मूल्य मान्यताहरु छन्। न्यायीक समितिले विवाद समाधान गर्दा ती आधारभूत मूल्य मान्यताको अवलम्बन गर्नुपर्ने हुन्छ।

स्थानिय सरकार संचालन ऐन२०७४ को दफा ४७(१) मा न्यायिक समितिलाई विवादको निरुपन गर्न १३ वटा क्षेत्रहरु तथा सोही ऐन को दफा ४७(२)मा मेलमिलापको माध्यमबाट विवाद समाधान गर्न ११ वटा क्षेत्रहरु तोकिए बमोजिम विगत २०७४ साल देखी यस नगरपालिकामा न्यायिक समिति मार्फत राप्ती नगरवासीलाई छिटो छरितो सरल, सहज, बिनाखर्च र निश्पक्ष ढंगबाट न्याय सम्पादन गर्दै आएको

Scanned with CamScanner

व्यहोरा म यस गरिमामय सभा समक्ष अवगत गराउँदछु। हामिले सामुदायीक मुल्य मान्यता वा सामाजिक सौहार्द्रतालाई सुदृढ तुल्याई राख्न मेलमिलाप वा मिलापत्र द्वारा विवाद समाधान गर्न अधिकतम प्रयत्न गर्ने गरिएको छ। न्यायीक समिति स्थानीय विवाद समाधान गर्न बनेको सामुदायीक न्यायीक संरचना हो। पीडित पक्षलाई सहयोग, संरक्षण र पुर्नस्थापना गर्न विशेष जोड दिदै मेलमिलाप पद्दति बाट निजलाई पर्न गएको शारीरिक, मानसिक वा भौतिक क्षति वा हानी नोक्सानिको परिपुरण गर्ने गराउने र क्षतिपुर्ति दिलाउने कुरामा उच्चतम जोड दिँदै आएका छौं। कुनैपनी विवाद समाधान गर्दा निष्पक्ष, पारदर्शी र प्रभावकारी ढङ्गले गर्नु पर्दछ, जसका लागी सरोकार वालाहरुको सहयोग,उचित संवादतथा समन्वयगर्नु महत्वपुर्ण हुने गर्दछ।

माननिय सभा सदस्य ज्यूहरु न्यायिक समिति समक्ष परेको विवादमा समितिले प्रारम्भिक जाँचबुझ गरी उचित देखिएमा प्रतिवादीको नाममा रहेको कुनै बैंक, कम्पनी या वित्तिय संस्थामा रहेको खाता, निक्षेप वा प्रतिवादीको हकभोगको कुनै अचल सम्पत्ति रोक्का गर्न तथा फकुवा गर्न सक्ने, पति पत्नी, ज्येष्ठ नागरिक वा नाबालक छोराछोरीको संरक्षण सम्वन्धि विवादमा पीडित, निजको नाबालक सन्तान वा निजसंग आश्रीत अन्य कुनै व्यक्तिको हितको लागीन्यायिक समितिले अन्तरिम संरक्षणात्मकआदेश समेत दिन सक्ने जानकारी यस सम्मानित नगर सभामा गराउँदै अब म यस आ.व. २०७९/०८० मा न्यायिक समितिले गरेका कार्यहरुकोप्रगती विवरण प्रस्तुत गर्न गइरहेको छु।

रासी नगरपालिका न्यायिक समितिमा आ.व.२०७९/०८०माहाल सम्म दर्ता भई फछ्यौंट भएका मुद्धाहरु यस प्रकार रहेका छन्।

क्र.स.	दर्ता भएका विवादको फछ्यौंटको अवस्था	जम्मा
१	जम्मा दर्ता विवाद सङ्ख्या	३५
२	मेलमिलाप भएको	२७
३	फैसला भएको	२
४	प्रक्रियामा रहेको	६
५	अदालत सिफारिस गरिएको	-
६	तामेलिमा राखिएको	२

Scanned with CamScanner

विवादका प्रकारहरुः

- जग्गा साँध सिमाना विवाद सम्बन्धमा= १३
- बाटो, कुलो नाला सम्बन्धमा= ३
- लेनदेन विवाद सम्बन्धमा= ८
- श्रीमान श्रीमती तथा (अशं,माना चामल) सम्बन्धमा= ३
- घरायसी विवाद सम्बन्धमा= ४
- तलव,ज्यालामजदुरी विवाद सम्बन्धमा= २
- <u>अन्य =२</u>
- जम्मा =३५

त्यसैगरी मेलमिलापतर्फ नगर र वडामा गरी जम्मा २७२ वटा निवेदन परेकोमा, २१० वटा उजुरीहरुको मेलमिलापको माध्यमबाट समाधान गरीएको छ भने ५२ वटा निवेदन हाल छलफल कै क्रममा रहेको र टुङ्गिन बाँकी रहेको व्यहोरा यस सम्मानित सभाका समक्ष जानकारी गराउँदछु।

<u>प्रस्तुतकर्ता</u>
देवेन्द्र लामा(संयोजक)
न्यायिक समिति रासी नगरपालिका।

धन्यवाद।

Scanned with CamScanner